# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९

## झापा गाउँपालिका
## झापा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाहलगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमालगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फस्यौंटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजुउपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**टंकमणि शर्मा, दंगाल**

२०७९ आषाढ **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
**Office of the Auditor General**
**अनामनगर, काठमाडौं, नेपाल**
Anamnagar, Kathmandu, Nepal


**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, प्रदेश नं. १**

पत्र संख्याः २०७८।७९
च.नं. ४१० मितिः २०७९।३।२०

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
झापा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
टाघनडुब्बा, झापा।

**कैफियतसहितको राय**

हामीले झापा गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१. झापा गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा पूर्णरुपमा सबै कारोबार समावेश नगरी वित्तीय विवरण तयार गरेको छ।

२. लेखापरीक्षणबाट रू. ५ करोड ५६ लाख १० हजार बेरुजु देखिएको छ। सोमध्ये प्राप्त प्रतिक्रियाबाट रू. २ करोड ५० लाख ५५ हजार फस्र्यौट भएको र रु. ५० लाख थप भई बाँकी बेरुजु रु. ३ करोड ५५ लाख ५५ हजार कायम भएकोमा असुल गर्नुपर्ने रू. १ लाख , प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ४२ लाख ७९ हजार, नियमित गर्नुपर्ने रू. २ करोड ८ लाख ५६ हजार र पेश्की रू. ३ लाख १९ हजार रहेको छ । पालिकाको गतवर्ष रु. १ करोड ७२ लाख ६९ हजार बेरुजु बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछर्यौट एवं यो वर्ष कायम भएको बेरुजुसमेत हालसम्मको अद्यावधिक बेरुजू रु. ४ करोड ८३ लाख ६५ हजार रहेको छ । गाउँपालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।**

३. गाउँ पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

झापा गाउँपालिका, झापा

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५१ | ३४ | ५५६१० | ० | ८ | २५०५५ | ५१ | २६ | ३५५५५ | १०० | २०८५६ | १४२७९ | ० | ० | ३५१३५ | ३१९ |

## अद्यावधिक बेरुजुस्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| झापा | १७२६९ | ० | ४४५९ | १२८१० | ० | ३५५५५ | ४८३६५ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : झापा गाउँपालिका, झापा , झापा गाउँपालिका , झापा

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | खेम राज थापा | २०७७-७-२४ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | Jiwan Niraula | २०७७-४-१ | |
| लेखा प्रमुख | लक्ष्मी खतिवडा | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | ५५,६१०,०३७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ११,१४,४३,५४०.१८ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३३,३८,५९,०४० | **चालु खर्च** | २३,१०,१४,९०४.४९ |
| **प्रदेश सरकारबाट अनुदान** | १,७३,१२,००० | **पूँजीगत खर्च** | २१,१६,५०,२२१.०८ |
| **राजश्व बाँडफाँट** | ८,४६,६७,५८३.११ | **वित्तीय/अन्य व्यवस्था** | १०,७५,२९,९८०.९ |
| **आन्तरिक आय** | ९४,३५,९५२.५१ | | |
| **अन्य आय** | १२,३७,३१,१५४.५४ | | |
| **कुल आय** | ५६,९०,०५,७३०.१६ | **कुल खर्च** | ५५,०१,९५,१०६.४७ |
| **बाँकी मौज्दात** | | १३,०२,५४,१६३.८७ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ७ वडा, ३८ सभा सदस्य, ९४.१२ वर्ग किलोमिटर क्षेत्रफल तथा ३४ हजार ६०१ जनसंख्या रहेको छ । | |
| २ | | | **वित्तिय विवरण** | |

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ५७४८१३५५४.९५ | ५६९००५७३०.१६ | | ४७,२३,२५,३५३.१६ | ४२,३८,०३,६६३.२५ | | ४२,३८,०३,६६३.२५ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ४५,४७,५६,७७० | ४४,५२,७४,५७५.६२ | ० | ४४,५२,७४,५७५.६२ | ४०,७६,२७,३७६.९५ | ० | ४०,७६,२७,३७६.९५ |
| ११००० कर | ११ | ९,५७,५१,२३० | ८,९८,१७,९४३.११ | ० | ८,९८,१७,९४३.११ | ७,०४,२८,३८३.३५ | ० | ७,०४,२८,३८३.३५ |
| १३००० अनुदान | | ३५,३४,५५,५४० | ३५,११,७१,०४० | ० | ३५,११,७१,०४० | ३३,३५,०२,००० | ० | ३३,३५,०२,००० |
| संघीय सरकार | १२ | ३३,६१,४३,५४० | ३३,३८,५९,०४० | ० | ३३,३८,५९,०४० | ३०,४४,२६,००० | ० | ३०,४४,२६,००० |
| प्रदेश सरकार | १२ | १,७३,१२,००० | १,७३,१२,००० | ० | १,७३,१२,००० | २,९०,७६,००० | ० | २,९०,७६,००० |
| १४००० अन्य राजस्व | | ५५,५०,००० | ४२,८५,५९२.५१ | ० | ४२,८५,५९२.५१ | ३६,९६,९९३.६० | ० | ३६,९६,९९३.६० |
| ख. अन्य प्राप्ति | | १,४४,१९,७८४.९५ | २,७०,५०,७७७.५४ | | २,७०,५०,७७७.५४ | १,६१,७६,२८६.३० | | १,६१,७६,२८६.३० |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | १,४४,१९,७८४.९५ | १,७२,५४,८३४.९५ | ० | १,७२,५४,८३४.९५ | १,२१,६३,८०८ | ० | १,२१,६३,८०८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | धरौटी | | ० | ९७,९५,९४२.५९ | ० | ९७,९५,९४२.५९ | ४०,१२,४७८.३० | ० | ४०,१२,४७८.३० | | |
| | | | | अन्तर सरकारी अख्तियारी | | १०५६३७००० | ९६६८०३७७ | ० | ० | ० | ० | ० | | |
| | | | | भुक्तानी (ग+घ) | | ६८१२६२९८५.९६ | ५५०१९५१०६.४७ | | ४५,३५,१४,७२९.४७ | ३८,०१,९९,१३७.५६ | | ३८,०१,९९,१३७.५६ | | |
| | | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५६,१२,०६,२०१.०१ | ४४,२६,६५,१२५.५७ | | ४४,२६,६५,१२५.५७ | ३७,०६,०२,३४९.१८ | | ३७,०६,०२,३४९.१८ | | |
| | | | | २१००० पारिश्रमिक / सुविधा | १८ | १२,९८,५१,०४० | १२,४२,४२,९७५.९१ | ० | १२,४२,४२,९७५.९१ | १०,९५,९८,९१३.६४ | ० | १०,९५,९८,९१३.६४ | | |
| | | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ४,७५,७९,७३० | ३,६२,४५,९४१.२८ | ० | ३,६२,४५,९४१.२८ | ३,८५,८६,०४९.०९ | ० | ३,८५,८६,०४९.०९ | | |
| | | | | २५००० सहायता (Subsidy) | १८ | ७,८०,९५,२५४ | ५,६३,६६,१२१.४० | ० | ५,६३,६६,१२१.४० | ६,०५,४६,७८२.४३ | ० | ६,०५,४६,७८२.४३ | | |
| | | | | २७००० सामाजिक सुरक्षा | १८ | १,५७,७०,००० | १,३२,३१,२६५.९० | ० | १,३२,३१,२६५.९० | १८,२०,००० | ० | १८,२०,००० | | |
| | | | | २८००० अन्य खर्च | १८ | ११,००,००० | ९,२८,६०० | ० | ९,२८,६०० | १४,६३,१४० | ० | १४,६३,१४० | | |
| | | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २८,८८,१०,१७७.०१ | २१,१६,५०,२२१.०८ | ० | २१,१६,५०,२२१.०८ | १५,८५,८७,४६४.०२ | ० | १५,८५,८७,४६४.०२ | | |
| | | | | घ. अन्य भूक्तानी | | १,४४,१९,७८४.९५ | १,०८,४९,६०३.९० | | १,०८,४९,६०३.९० | ३८,०१,९९,१३७.५६ | | ३८,०१,९९,१३७.५६ | | |
| | | | | कोषहरु | | १,४४,१९,७८४.९५ | ८०,०३,६२१.६९ | ० | ८०,०३,६२१.६९ | ७१,१३,०१५.८८ | ० | ७१,१३,०१५.८८ | | |
| | | | | धरौटी | | ० | २८,४५,९८२.२१ | ० | २८,४५,९८२.२१ | २४,८३,७७२.५० | ० | २४,८३,७७२.५० | | |
| | | | | अन्तर सरकारी अख्तियारी | | १०५६३७००० | ९६६८०३७७ | ० | ० | ० | ० | ० | | |
| | | | | ङ. यो वर्षको बचत (न्युन) | | (१०,६४,४९,४३१.०१) | १,८८,१०,६२३.६९ | | १,८८,१०,६२३.६९ | ४,३६,०४,५२५.६९ | | ४,३६,०४,५२५.६९ | | |
| | | | | च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ११,१४,४३,५४०.१८ | | ११,१४,४३,५४०.१८ | ७,५३,१३,०५१.२९ | | ७,५३,१३,०५१.२९ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वर्षान्तको बाकी रकम (ङ + च) | | (१०,६४,४९,४३१.०१) | १३,०२,५४,१६३.८७ | | १३,०२,५४,१६३.८७ | ११,८९,१७,५७६.९८ | | ११,८९,१७,५७६.९८ | |
| | | | | | | | | | | | | |
| | | | बैंक तथा नगद बाकी | २४ | | १२,९९,७६,११३.८७ | | १२,९९,७६,११३.८७ | ७,७१,४४,१२२.१६ | | ७,७१,४४,१२२.१६ | |
| ३ | | | **जिम्मेवारी फरक परेको**<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । गाउँपालिकाको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा सञ्चित कोषमा बाँकी रहेको रु. ११९८७३३९५।१३ यस वर्ष जिम्मेवारी सार्नु पर्नेमा रु. १११४४३५४०।१८ मात्र जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ८४२९८५४।९५ घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु.. | | | | | | | | | ८,४२९,८५५ |
| ४ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ बमोजिम कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन । यस सम्बन्धमा देखिएका अन्य व्यहोरा तपशिल बमोजिम छन । | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ४.१ | | | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार पालिकालेआफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको देखिएन<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको तोकिएको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन<br>• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन<br>• गाउँपालिकाले जिन्सी मालसामानको एकिकृत विवरण तथा सहायक जिन्सी खाता अद्यावधिक गरेको पाईएन<br>• गाउँपालिकाले वडा कार्यालयमा रहेको जिन्सी मालसामानको अभिलेख मूल जिन्सी खातामा अद्यावधिक गरेको पाईएन<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन<br>• कट्टा गरेको कर तोकिएको अवधीमा सम्बन्धित राजस्व खातामा जम्मा गरेको पाइएन<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको देखिएन<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई दिने गरेको देखिएन<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक गरेको पाइएन | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.२ | | | सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको देखिएन।<br>सफ्टवेयर फेलर वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था भएको देखिएन। | |
| ४.३ | | | • गाउँपालिकाले म.ले.प. फारमा ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक र ९०६ बमोजिमको सवारी साधन र मेशिनरीको मर्मत अभिलेख राखेको पाईएन । | |
| ४.४ | | | • भ्रमण खर्च नियमावली २०६४ को नियम २१ कार्यालयले भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले भ्रमण अभिलेख खाता राखेको पाईएन ।<br>• सरकारी भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रतिवेदन संलग्न गरेरमात्र भ्रमण खर्च भुक्तानी गर्नुपर्नेमा गाउँपालिकाबाट भ्रमण खर्च भुक्तानी गर्दा भ्रमण प्रतिवेदन संलग्न गरेको पाईएन। | |
| ४.५ | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ८८ मा कार्यालयले वेरुजुको लगत राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले बेरुजुको लगत अद्यावधिक गरी राखेको पाईएन । | |
| ५ | | | **खर्चखाताबाट संचित कोषमा रकम स्थानान्तरण**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा स्थानान्तरण गर्नुपर्नेमा गाउँपालिकाले चालुखर्च खाताबाट रु २७७१९४३९।५१ र पूँजिगत खर्च खाताबाट रु १०१७२९४२।२९ मिति २०७८।४।१५ मा संचित कोषमा स्थानान्तरण गरेको पाइयो । | |
| ६ | | | **अवकास कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले योगदानमा आधारित उपदान वा निवृत्तभरण , औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनको लागि खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी अवकाश कोषमा जम्मा गर्नुपर्दछ । गाउँपालिकाले २०७६ श्रावण देखि पछि नियुक्ति हुने कर्मचारीको हकमा निजको तलबबाट ६ प्रतिशत कट्टा गरी सोही बराबर थप गरी योगदानमा आधारीत निवृत्तिभरण कोषमा जम्मा गर्ने गरेको पाईयो । अन्य कर्मचारीको हकमा अवकास कोषमा रकम जम्मा गर्ने गरेको पाइएन । गाउँपालिकाले यस वर्ष चालु खर्च अन्तर्गत कर्मचारी कल्याणकोष शिर्षकमा रकम विनियोजन गरी स्थानीय स्थाई कर्मचारी अवकास हुदा निवृत्तीभरण अनुदान बापत रु. १०२५४००।०० भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु | १,०२५,४०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । गाउँपालिकाले यस वर्ष आर्थिक सहायता कार्यविधि, २०७६ अनुसार विभिन्न लक्षित वर्ग, समुह वा व्यक्तिहरुलाई वडा सिफारिसको आधारमा रु. १००००/- सम्म प्रमुख प्रशासकिय अधिकृतले, रु. २५०००/- सम्म अध्यक्षले र रु.२५०००/- देखी रु.१०००००/- सम्म कार्यपालिकाको निर्णय गरी प्रति व्यक्ति घटीमा रु. १०००/- देखि बढीमा रु. २५०००/- सम्म गरी यस वर्ष विभिन्न शिर्षकबाट आर्थिक सहायता बापत रु. १४६७३७५/- वितरण गरेको देखियो । पालिकाले आर्थिक सहायता वितरण गर्दा कार्यविधिमा भएको व्यवस्था बमोजिम त्रैमासिक रुपमा वितरण भएका आर्थिक सहायताहरुको एकमुष्ट विवरण प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतले कार्यपालिकाको बैठकमा पेश गरि स्वीकृत गराउनुपर्नेमा सो भए गरेको पाइएन । साथै यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ । | |
| ८ | विभिन्न | | **धार्मिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार स्थानीयतहले वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूर्जीँ निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । स्थानीय तहले स्वीकृत बजेटबाट स्वंयम सञ्चालीत संस्थाहरुलाई सञ्चालन खर्च अनुदान स्वरुप रकम उपलब्ध गराउन मिल्ने आधार देखिंदैन । पालिकाले यस वर्ष कार्यविधि नबनाई राधाकृष्ण मन्दिर फुलगाछी समितिलाई पुजा व्यवस्थापन खर्च रु. २०००००/- उपलब्ध गराएको छ । साथै पालिकाले यस वर्ष छठ समाज भवन निर्माण समिति बिर्तामोड लाई अध्यक्षज्युको तोकआदेशमा रु. २०००००/- अनुदान उपलब्ध गराएको देखियो । यसरी खर्च गर्दा पालिकाको आफ्नो विकास निर्माण सम्बन्धी बजेट व्यवस्थापनमा चाप पर्ने र कार्यालयले प्रदान गर्ने सेवा प्रवाहमा समेतअसर पर्ने देखिन्छ । तसर्थ यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययीता कायम गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९</td><td></td><td></td><td>सेवा प्रवाहको स्थिती<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा गाँउपालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ । गाँउपालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, पञ्जिकरणको तथ्याङ्क तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ । यस गाँउपालिका तथा अन्तर्गतका वडाबाट यस वर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ ।
<table>
<tr><th>क्र. सं.</th><th>विवरण</th><th>सेवा प्राप्तका लागि निवेदन संख्या</th><th>सिफारिस संख्या</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>नागरिकता सिफारिस</td><td>१२५६</td><td>१२५६</td><td></td></tr>
<tr><td>२</td><td>घरबाटो सिफारिस</td><td>४६०</td><td>४६०</td><td></td></tr>
<tr><td>३</td><td>नाता प्रमाणित</td><td>२३२</td><td>२३२</td><td></td></tr>
<tr><td>४</td><td>जन्म मृत्यु दर्ता</td><td>१२१०</td><td>१२१०</td><td></td></tr>
<tr><td>५</td><td>अन्य</td><td>१०००२</td><td>१०००२</td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td>१३१६०</td><td>१३१६०</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>न्यायीक समिति<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायीक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रिया सम्बन्धि व्यवस्था छ । न्यायिक समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवाद दर्ता एवं फछ्र्यौट विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेको र यस बर्ष विभिन्न विषयका ४१ वटा विवाद दर्ता भएकोमा १६ वटा विवाद फछ्र्यौट भई १९ वटा विवाद फछ्र्यौट गर्न बाँकी देखिन्छ र बाँकी ६ वटा विवाद माथिल्लो निकायमा पठाइएको पाइयो । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>प्रगती विवरण<br>गाउँपालिकाले सञ्चालन गरेका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा गरेको पाईएन ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १२ | | | **कानून निर्माणको अवस्था**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था रहेको छ । यस पालिकाले हालसम्म २ ऐन, २ नियमावली र ५ कार्यविधी समेत ९ कानून एवं कार्यविधी निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । | |
| १३ | | | **चौमासिक विवरण**<br>आर्थिक कार्यविधि कानून बमोजिम स्वीकृत भएको कार्यक्रममा चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्नेमा गाउँपालिकाले पेश गरेको पाईएन । | |
| १४ | | | **अनुदान फिर्ता**<br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिक स्थानीय तहमा प्राप्त हुने समानिकरण बाहेकका अनुदान वर्षान्तमा खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । सुत्रबाट प्राप्त विवरण अनुसार असार मसान्तमा संघीय सरकारतर्फ रु. २९१३७३३६।६३ र प्रदेश सरकार तर्फ रु. ३८५८२६२/- अनुदान खर्च नभई बाँकी रहेकोमा संघीय सरकार तर्फको रु. २९१३७३३६।६३ मिति २०७८।४।२५ मा फिर्ता गरेको पाइयो । त्यसैगरी पालिकाले प्रदेश सरकार तर्फको रकम रु. ३८५८२६२/- मिति २०७८।९।३० मा फिर्ता गरेको देखियो । पालिकाले खर्च नभई बाँकी रहेको रकमलाई आर्थिक वर्षको अन्त्यमै फिर्ता गर्नु पर्दछ । | |
| १५ | | | **सार्वजनिक सम्पत्तिको अभिलेख**<br>स्थानीय सरकार संचालन ऐन २०७४, को परिच्छेद ३ दफा ११ मा गाउँपालिकाको काम, कर्तव्य र अधिकारको व्यस्था बमोजिम गाउँपालिकाले सार्वजनिक सम्पत्ति र जग्गाको अभिलेख राखि अद्यावधिक गर्नुपर्ने, सम्पत्तिको संरक्षण र उपयोग नीति मापदण्ड बनाउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले सार्वजनिक सम्पत्ति र जग्गाको अभिलेख राखेको, सम्पत्तिको संरक्षण र उपयोग नीति र मापदण्ड बनाएको पाईएन । साथै सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पत्तिको अतिक्रमण भए नभएको सम्बन्धमा अनुगमन हुने गरेको पाइएन । | |
| १६ | | | **जिन्सी अभिलेख**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा कार्यालय प्रमुखले प्राप्त भएको जिन्सी मालसामानको विवरण र मुल्य खुलाई सम्पत्ति तथा जिन्सी कितावमा सात दिन भित्र आम्दानी बाँधि लगत अद्यावधिक गर्नु गराउनुपर्ने व्यवस्था छ । गाउँपालिकामा साविकका गाउँ विकास समितिहरुबाट प्राप्त भएका जिन्सी मालसामानको अभिलेख अद्यावधिक गरेको पाइएन । | |
| १७ | | | **राजस्वको लेखा**<br>गाउँपालिकाले राजस्वका सबै श्रोतहरुको उचित तरीकाले लेखाङ्कन गर्नुपर्नेमा गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १८ | | | **राजस्व अभिलेख**<br>कार्यालयले व्यवसाय दर्ता र दर्ता खारेजि, राजस्व निर्धारण र असुलीको अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ । गाउँपालिकाले दर्ता खारेजीको अभिलेख तथा राजस्व निर्धारण र असुलीको अभिलेख राखेको पाइएन । | |
| १९ | | | **अन्य बहाल कर दाखिला**<br>नेपाल सरकार अर्थ मन्त्रालयले २०७५।१।१० मा नेपाल राजपत्रमा प्रकाशन गरेको सूचना अनुसार आ आफ्नो क्षेत्राधिकार भित्रका प्राकृतिक व्यक्तिले आर्जन गर्ने घर बहाल आयमा लाग्ने घर बहाल कर स्थानीय तहले संकलन गर्ने व्यवस्था छ । जस अनसार घर भाडाको भुक्तानीमा कटाएको कर बाहेक अन्य मेसिन, ढुवानी भाडा भुक्तानीमा काटिएको कर रकम संघिय संचित कोषमा दाखिला गर्नुपर्दछ । कार्यालयले ढुवानी/ मेसिन भाडामा कट्टि गरेको बहाल कर रु. ७८०७४०/- संघिय संचित कोषमा दाखिला नगरी स्थानीय संचित कोषमा राखेको देखियो । उक्त कर स्थानीय संचित कोषमा दाखिला गर्ने कानूनी आधार पेश हुनुपर्ने अन्यथा संघिय संचित कोष दाखिला गर्नुपर्ने रु... | ७८०,७४० |
| २० | | | **विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले निर्धारित बजेट एवं आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले यो वर्ष विविध खर्च वापत रु. १४९२८२६/- खर्च गरेको छ । यस अतिरिक्त पालिकाले वडागत रुपमा रु. १५००००/- का दरले ७ वडामा रु. १०५००००/- विविध खर्च गरेको छ । खर्च गरेको रकमको विल पेश गरेतापनि खर्च गर्नुपर्ने आधार स्पष्ट गर्ने गरेको देखिएन । विविध खर्चको उद्वेश्य र खर्चको यथार्थता प्रमाणित नहुने गरी भुक्तानी दिने परिपाटीमा नियन्त्रण हुनु पर्दछ । साथै यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ । | |
| २१ | | | **सार्वजनिक सुनुवाई**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष सार्वजनिक सुनुवाई गरेको पाइएन । | |
| २२ | | | **गुणस्तर निरीक्षण परीक्षण**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेसन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने तथा नियम ११७ मा सम्पन्न भएको निर्माण कार्यको उपर्युक्तताको परीक्षण गरेर मात्र कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले सम्पुर्ण निर्माण सम्पन्न भएका निर्माण कार्य तथा आपूर्ति भएका मालसामानको गुणस्तर निरीक्षण परीक्षण गर्ने गरेको पाइएन । कार्यालयले निर्माण सम्पन्न भएका निर्माण कार्य तथा आपूर्ति भएका मालसामानको गुणस्तर निरीक्षण परीक्षण गरेरमात्र भुक्तानी दिनुपर्दछ । | |
| २३ | | | **सामुदायीक विद्यालयको अनुगमन** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३.१ | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली, २०७७ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राख्नु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्ट्रर खाता अद्यावधिक गरी राख्नुपर्दछ । | |
| २३.२ | | | सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापनको लागि पालिकाले मापदण्ड बनाएको पाइएन । पालिकाको शिक्षा शाखा द्वारा सामुदायीक विद्यालयहरुको नियमित अनुगमन गरी प्रतिवेदन पेश गरेको देखिएन । तसर्थ पालिकाले विद्यालयहरुको नियमित अनुगमन तथा मुल्याङ्कन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । | |
| २३.३ | | | पालिकामा अवस्थित निजी विद्यालय व्यवस्थापन गरी सोको अनुगमन मापदण्ड निर्धारण गर्नुपर्नेमा पालिकाले सो गरेको पाइएन । निजी विद्यालयको शुल्क निर्धारण गर्न पालिका मापदण्ड तयार गरेको पाइएन । तसर्थ पालिकाले निजी विद्यालयलाई व्यवस्थापन गर्न शुल्क तथा मापदण्ड निर्धारण गरी सो को नियमित अनुगमन तथा प्रतिवेदन पेश गर्नु पर्दछ । | |
| २३.४ | | | कार्यक्रम कार्यान्वियन पुस्तिका अनुसार सामुदायीक विद्यालयहरुको कार्यालयले निकासा दोहोरो परे नपरेको शैक्षिक गुणस्तको अवस्था मापदण्ड निर्धारण गरी सोही बमोजिम अनुगमन गर्नुपर्दछ । पालिकाको सो व्यवस्था बमोजिम अनुगमन तथा प्रतिवेदन तयार गरेको पाइएन । | |
| २४ | | | **विद्यालय छनौट**<br>कार्यक्रम कार्यान्वियन पुस्तिकामा पालिकाले भौतिक निर्माण सुधार कार्यक्रम सञ्चालन गर्न स्थानीय तहस्थित सम्पुर्ण विद्यालयहरुको अनुसूची ५ मा उल्लेखित मापदण्डका आधारमा भौतिक सर्वेक्षण गरी आवश्यक्ताको आधारमा प्राथमिकताक्रम निर्धारण गरी सुचकाङ्क सहितको विवरण तयार गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले सोही व्यवस्था बमोजिम प्राथमिकताक्रमका आधारमा विद्यालय छनौट गरेको पाइएन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२५</td><td>१६६</td><td>२०७८-३-१४</td><td>छात्रवृत्ति वितरण<br>गैर आवासीय छात्रवृत्तिको तथा निशुल्क पाठ्यपुस्तकका लागि आइ. ई. एम. आइ. एस.मा प्रविष्ट तथ्यांकलाई सम्बन्धित विद्यालयवाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्यांकसंग सत्यापन गराई शिक्षा अधिकृतवाट प्रमाणित गरी सोको आधारमा विद्यालयहरुलाई छात्रावृत्ति रकम निकासा दिनुपर्ने व्यवस्था कार्यक्रम कार्यान्वयन पुस्तिकाले उल्लेख गरेको छ । नमूना छनौट गरी देहायका विद्यालयहरुमा छात्रवृत्ति रकम र पाठ्यपुस्तक निकासा रकम तथा वितरणको अवस्था परीक्षण गर्दा निम्न विद्यालयमा निकासा भएको रकम भन्दा घटी वितरण गरेको पाइयो । यस सम्बन्धमा पालिकाले प्रमाण पेश गर्नुपर्ने वा सम्बन्धित विद्यालयबाट असुल गरी दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>विद्यालयको नाम</th><th>निकासा रकम</th><th>वितरण रकम</th><th>बढी रकम</th></tr>
<tr><td colspan="4">छात्रवृत्ति तर्फ</td></tr>
<tr><td>डिल्लीराज मा.वि.</td><td>१४२०००</td><td>११९६००</td><td>२२४००</td></tr>
<tr><td>कुवाडीदेवी मा.वि.</td><td>११०७००</td><td>९३६००</td><td>१७१००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>३९५००</td></tr>
</table></td><td>३९,५००</td></tr>
<tr><td>२६</td><td></td><td></td><td>कर्मचारी व्यवस्थापन</td><td></td></tr>
<tr><td>२६.१</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । उक्त व्यवस्था बमोजिम कार्यालयबाट संगठन संरचना एवं दरबन्दी मिलान सम्बन्धी कार्य भएको छैन । यस बाट कार्यालयको वास्तविक दरबन्दी यति नै हो भनी एकिन गर्न सक्ने अवस्था रहेन । हाल पालिकामा दरबन्दी भित्र विभिन्न पदका स्थायीतर्फ २२ र करारतर्फ ३२ जना गरी ५४ जना कर्मचारी कार्यरत देखिएका छन्। करारमा कार्यरत कर्मचारीहरुको तलब भत्ता बापत यस वर्ष जम्मा रु. ७६८०९७५/- खर्च भएको छ । पालिकाले अविलम्ब संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन संरचना कायम गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| २६.२ | | | त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ (८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालयसहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमामात्र करार वाट सेवा लिनसकिने व्यवस्था गरेको छ। पालिकाले माथि उल्लेखित पदवाहेकको सव इन्जिनियर ३, स्रोतव्यक्ति १, सहायक कम्प्युटर अपरेटर ९, अमिन १, ल्याब असिस्टेन्ट ३ गरी जम्मा १७ जनाकर्मचारी करारमा नियुक्ति गरी बर्ष भरीमा निजहरुको तलब भत्ता बापत रु. ४४८६८४८/- भुक्तानी गरेको छ । यसरी करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी भर्ना गरी निजहरुको तलब भत्तामा गरेको उक्त खर्च नियमसम्मत नदेखिएको रु. | ४,४८६,८४८ |
| २७ | | | **नागरिक भत्ता वितरण**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । आफ्नो क्षेत्रमा अनुत्पादक, पुँजी वृद्धि नहुने, महत्वाकांक्षी एवं वितरणमुखी योजनाहरुलाई निरुत्साहित गर्दै उत्पादनमुलक योजनाहरुमा बजेट विनियोजन गर्नुपर्नेमा नेपाल सरकारले प्रदान गरेको सुविधामा दोहोरो नपर्ने गरी कार्यविधि स्वीकृत गरेर मात्र कार्यान्वियनमा ल्याउनु पर्दछ । नेपाल सरकारले सामाजिक सुरक्षा कार्यक्रम अन्तरगत जेष्ठ नागरीक, एकल महिलालाई मासिक रुपमा सामाजिक सुरक्षा भत्ता प्रदान गर्दै आएको छ । त्यस्तै स्वास्थ्य कार्यक्रम अन्तरगत गर्भवती महिलालाई स्वास्थ्य संस्थामा आई गर्भवती जाँच गराउँदा यातायात खर्च तथा सुत्केरी हुँदा न्यानो झोला सहित पोषण भत्ता समेत दिँदै आएको छ । तर पालिकाले नेपाल सरकारले प्रदान गरेको सुविधामा दोहोरोपन हुने गरी ८४ वर्ष भन्दा माथिका जेष्ठ नागरिकलाई वार्षिक रु. ६०००/- का दरले सामाजिक सुरक्षा भत्ता, सुरक्षित मातृत्व तथा सुत्केरी स्याहार बापत प्रत्येक सुत्केरीलाई पोषण प्याकेट सहित रु. १५००/- का दरले, जन्म तथा मृत्यु दाहसँस्कार सहयोग स्वरुप रु. ८०००/-, ६० वर्ष भन्दा माथिका एकल पुरुषलाई जेष्ठ नागरिकमा परिणत नहुँदा सम्म वार्षिक रु. ६०००/- ले एकल पुरुष भत्ता वितरण गरेको देखियो । यसरी प्रदान गरेको भत्ता सुविधाहरु भुक्तानी सम्बन्धी कुनै पनी कार्यविधि बनाएको देखिएन । यस वर्ष पालिकाले एकल पुरुष भत्ता बापत रु. २८८०००/-, प्रत्येक सुत्केरीलाई पोषण प्याकेट वितरणमा रु. ४२६०००/-, जेष्ठ नागरिक भत्तामा रु. ८५४०००/-, जन्म तथा मृत्यु दाहसँस्कार सहयोगमा रु. २१६००००/- समेत गरी कुल रु. ३७२८०००/- खर्च गरेको छ । पालिकाको आन्तरिक आय र चालु खर्चको विश्लेषण गर्दा यस वर्ष पालिकाले रु. ९४३५९५२/- आन्तरिक आय संकलन गरेकोमा तलब सुविधा लगायतका चालु खर्चमा रु. २३१०१४९०५/- खर्च हुन गई चालु खर्चको **४** प्रतिशत हिस्सा मात्र आन्तरिक आयले धानी बाँकी सबै राजस्व बाँडफाँड र समानिकरण अनुदान बापत प्राप्त हुने रकमबाट व्योहोर्नु परेको स्थिति छ । यसरी समानिकरण अनुदान तथा राजस्व बाँडफाँड बापत प्राप्त रकमको आधा भन्दा बढी हिस्सा चालु तथा प्रशासनिक तर्फ गर्नु परेपछि पुँजिगत प्रकृतिका योजना सञ्चालनमा बढोत्तरी हुन नसक्नु स्वभाविक हुन जान्छ । यसरी आन्तरिक श्रोतले आधा चालु खर्च पनि धान्न नसकेको अवस्थामा अनुत्पादक, नगद वितरणमुखी योजनाहरुलाई निरुत्साहित गर्न पालिकाले ध्यान पुर्याउनुपर्ने देखिन्छ । पालिकाको श्रोतलाई उच्चतम प्रतिफल र काममा दोहोरोपना नहुने गरी मात्र खर्च गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | विभिन्न | | **पदाधिकारी यातायात खर्च**<br>**पदाधिकारी यातायात खर्च**- गाँउ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३ को अनुसूची-१ (क) को क्र.सं. ११ मा सवारी साधन सुविधा नलिएका पदाधिकारी वडाध्यक्षहरुलाई मासिक रु ४०००/- का दरले यातायात खर्च व्यवस्था गरेको छ । नमुना परीक्षणको क्रममा गाउँपालिकाको जिन्सी अभिलेखमा देहायका पदाधिकारीहरुले मोटरसाईकल वुझिलिई ईन्धन सहित सवारी साधन सुविधा लिएकोमा मासिक रुपमा यातायात खर्च समेत भुक्तानी लिएको व्यहोराको मस्यौदा प्रतिवेदन उपलब्ध गराएकोमा वेरुजु छलफलमा कार्यालय समय बाहिरको अवधिमा पालिकाको कार्य गर्दा यातायात सुविधा लिएको भनाई रहेको छ । यस सम्बन्धमा पालिकाबाटै पुन यकिन गरी एकै अवधिमा दोहोरो खर्च नभएको प्रमाण पेश हुनुपर्ने बढी खर्च रु.. | २८५,१२० |

| क्र.स. | पदाधिकारीको नाम थर | गाडी नम्बर | मासिक दर | भुक्तानी महिना | भुक्तानी रकम कर कट्टी घटाई |
|---|---|---|---|---|---|
| १ | वडाध्यक्ष राजकुमार यादव | मे १ ब ७९७ | ४००० | १२ | ४७५२० |
| २ | वडाध्यक्ष नेत्र प्रसाद खड्का | मे १ ब ८०१ | ४००० | १२ | ४७५२० |
| ३ | वडाध्यक्ष राजु भारती | मे १ ब ७९५ | ४००० | १२ | ४७५२० |
| ४ | वडाध्यक्ष दिनेश प्रसाद राजवंशी | मे १ ब ८०२ | ४००० | १२ | ४७५२० |
| ५ | वडाध्यक्ष हरी बहादुर बानीयाँ | मे १ ब ८०० | ४००० | १२ | ४७५२० |
| ६ | वडाध्यक्ष नेत्र प्रसाद उप्रेती | मे १ ब ८०३ | ४००० | १२ | ४७५२० |
| | **जम्मा** | | | | **२८५१२०** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९ | | | **कोभिड खर्च**<br>गाउँपालिकाको यस वर्ष कोरोना रोकथाम, नियन्त्रण र उपचारका लागि देहायबमोजिम आम्दानी खर्च भएको पाईयो ।<br>जम्मा | |

| आम्दानी श्रोत | रकम | खर्च शिर्षक | रकम |
|---|---|---|---|
| संघबाट प्राप्त | १४४३४५० | क्वारेन्टाइन होल्डिङ्ग सेन्टर निर्माण र व्यवस्थापन | ७२७७१५ |
| प्रदेशबाट प्राप्त | १३१३६०० | आइसोलेसन निर्माण र व्यवस्थापन | ७५०००० |
| गाउँपालिकाबाट विनियोजन | ५०५०००० | जनशक्ती परिचालन | ९०५५०० |
| | | औषधि एवम स्वास्थ्य उपकरण तथा सामाग्री खरिद | १७०६७८५ |
| | | जनचेतनामुलक सन्देश प्रशारण तथा उद्धार लगाएतका अन्य शिर्षकमा भएको खर्च | ७५१०५० |
| | | बाँकी | २९६६००० |
| जम्मा | ७८०७०५० | | ७८०७०५० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३०</td><td></td><td></td><td>कर चुक्ता प्रमाण वेगर धरौटी फिर्ता<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ को उपनियम २ मा निर्माण व्यवसायीले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश भएपछि रिटेन्सन मनि फिर्ता गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले कर चुक्ता प्रमाण संलग्न नगरी देहायको निर्माण व्यवसायीको धरौटी रकम फिर्ता गरेकोले भुक्तानी भएको वर्षको कर चुक्ता प्रमाण र भुक्तानी भएको रकमको मल्य अभिवृद्धि कर समायोजन प्रमाण पेश हुनुपर्ने रु...
<table>
<tr><th>निर्माण व्यवसायीको नाम</th><th>धरौटी फिर्ता रकम</th></tr>
<tr><td>नेपाल पूर्वाधार कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रालि</td><td>३०५३८७</td></tr>
<tr><td>सिद्धकाली इन्टरनेशनल विडर्स</td><td>४५७९७०</td></tr>
<tr><td>जम्मा</td><td>७६३३५७</td></tr>
</table></td><td>७६३,३५७</td></tr>
<tr><td>३१</td><td></td><td></td><td>क्वारेन्टिन व्यवस्थापन<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा सरकारी रकमको खर्च लेख्नु अघि रीत पुगे नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले क्वारेन्टिन संचालन गरी क्वारेन्टिनहरुमा रहेन व्यक्तिहरुको खाना खाजा, सरसफाई तथा सामग्रीमा रु. ७२७७१५।०० भुक्तानी गरेको छ । कार्यालयले क्वारेन्टिनमा प्रवेश गरेका व्यक्तिको अभिलेख तयार गरेको भएतापनि क्वारेन्टिनबाट बाहिरिएको विवरण अभिलेख तयार नगरेकोले क्वारेन्टिनमा कति मानिस कति अवधि सम्म बसेको एकिन गर्न सकिदैन । उक्त क्वारेन्टिनहरुमा बसेका मानिसहरुको क्वारेन्टिन प्रवेश र बहिरगमनको स्पष्ट अभिलेख प्रमाण पेश हुनुपर्ने रु..</td><td>७२७,७१५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **पेश्की बाँकी**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम आर्थिक वर्षको अन्तसम्म फस्र्योट हुन बाँकी पेश्की तोकिएको कार्य पूरा गराई असुल फस्र्योट र नियमित हुनुपर्ने रु. | ३१९,४०० |

| पेश्कीको विवरण | पेश्की लिने व्यक्ति, फर्म वा कम्पनीको नाम | म्याद नाघेको रकम | म्याद ननाघेको |
|---|---|---|---|
| (क) कर्मचारी पेश्की | | | |
| विद्यालयमा कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | सहायक अम्विका गौतम | ६९४०० | 0 |
| (ख) व्यक्तिगत पेश्की | | | |
| विभिन्न कृषि कार्यक्रम | विनिता राउत | १००००० | ० |
| कृतन मण्डलीलाई सामग्री खरिद | विनिता राउत | १५०००० | ० |
| (ख) निर्माण व्यवसायी पेश्की | | | |
| फुलगाछी देखि कामाटोली बजार सम्म कालोपत्रे | पृथ्वी निर्माण सेवा | ० | १०००००० |
| मलामी सडक देखी वडा कार्यालयसम्म कालोपत्रे | पृथ्वी निर्माण सेवा | ० | १०००००० |
| एकिकृत स्वास्थ्य पुर्वाधार भवन निर्माण | शिवालय आर. एस. जे.भि. | ० | ४८५०००० |
| | जम्मा | ३१९४०० | ६८५०००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३३</td><td>विभिन्न</td><td></td><td>अनुगमन सुविधा<br>गाँउ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५ को अनुसूची १ (क) मा गाउँपालिका अध्यक्षले रु. १००००/-, उपाध्यक्षले रु. १००००/-, वडाध्यक्षले रु. ४०००/- र कार्यपालिका सदस्यले रु. २०००/- मासिक अनुगमन भत्ता पाउने व्यवस्था छ ।अनुगमन भत्ता भुक्तानी लिदाँ मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था रहेकोमा नमूना छनौट गरी परीक्षण गर्दा अनुगमन भत्ता लिने पदाधिकारीले ऐनले तोके बमोजिमको मासिक अनुगमन प्रतिवेदन पेश नगरेको भएतापनि अनुगमन वापत एकमुष्ठ भत्ता बुझिलिएकोमा मासिक प्रतिवेदन पेश नभएको रु.<br>
<table>
<tr><th>पद</th><th>संख्या</th><th>मासिक अनुगमन भत्ता दर</th><th>वार्षिक अनुगमन भत्ता</th></tr>
<tr><td>गाउँपालिका अध्यक्ष</td><td>१</td><td>१००००</td><td>१२००००</td></tr>
<tr><td>गाउँपालिका उपाध्यक्ष</td><td>१</td><td>१००००</td><td>१२००००</td></tr>
<tr><td>वडा अध्यक्ष</td><td>७</td><td>४०००</td><td>३३६०००</td></tr>
<tr><td>कार्यपालिका सदस्य</td><td>६</td><td>२०००</td><td>१४४०००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>७२००००</td></tr>
</table></td><td>७२०,०००</td></tr>
<tr><td>३४</td><td></td><td></td><td>इन्धन खर्चको मापदण्ड<br>सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ को दफा नं. ३ (२) मा सार्वजनिक निकाय तथा सार्वजनिक पद धारण गरेको व्यक्ति सरकारी कामको सिलसिलामा खर्च गर्दा कार्यालय सामान, मसलन्द, पानी, बिजुली, इन्धन जस्ता खर्चमा मितव्ययीता कायम हुने गरी खर्च गर्नु पर्ने उल्लेख छ । त्यसैगरी सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी पालिका प्रमुख तथा कर्मचारीबाट कुपन काटी यस वर्ष कार्यालय प्रयोजनार्थ रु. ८९४०३८/- र पदाधिकारी इन्धनमा रु. २१५७७४/- गरी कुल रु. ११०९८१२/- इन्धन खर्च गरेको छ । यस अतिरिक्त वडा कार्यालय चालु अनुदानतर्फ समेत इन्धनका विल भर्पाई पेश गरी भुक्तानी भएको देखियो । कार्यालयले इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धनमा भएको खर्चको वास्तविकता यकिन गरी असुल फछ्र्यौट गर्नुपर्दछ । अत: इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगवुक राखेर मात्र खर्च लेख्न तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिएको छ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५ | विभिन्न | | **गैर सरकारी संस्था मार्फत कार्यक्रम**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ मा १० लाख रुपैयाँ भन्दा कम रकमको कार्य मौजुदा सुचिमा रहेका ग्रैह सरकारी संस्थाबाट सूचना प्रकाशन गरी सम्भव भए सम्म ६ वटा र कम्तिमा ३ वटा सँग आर्थिक प्रस्ताव माग गरी कामको आवश्यक्ता, किसिम, समयावधि, गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त र लागत मूल्याङ्कन विधि अनुसार पारदर्शि रुपमा छनौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले नियमावलीमा व्यवस्था भए विपरित महिला हिंसा न्युनिकरण तालिम तथा महिला शशक्तिकरण तालिम सञ्चालन गर्न गैर सरकारी संस्था महासंघ नेपाल संग सोझै रु. ३९८३००/- मा सम्झौता गरी कार्यक्रम सञ्चालन गरेको छ । कार्यक्रम सञ्चालन गरी पालिकाले संस्थालाई भुक्तानी दिँदा उक्ता संस्थाले संस्थाको कर विजक समेत पेश नगरी टुक्रे विल भरपाई पेश गरेको देखियो । तालिममा खर्चको नर्म्स, कार्य क्षेत्रगत शर्त तयार नगरी तालिम सत्र्चालन गरेको र सहभागीहरुको छनौटको मापदण्ड स्पष्ट नदेखिएकोले कार्यक्रमले अपेक्षा अनुसार प्रतिफल प्राप्त हुने विश्वस्त आधार देखिएन । साथै पालिकाले गैर सरकारी संस्थामार्फत कार्यक्रम सञ्चालन गर्दा नियमावलीमा व्यवस्था भए अनुसार पारदर्शि रुपमा संस्था छनौट गरी गर्नुपर्दछ । | |
| ३६ | | | **नगर सभा सञ्चालन खर्च**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली, २०७७ मा खर्च गर्दा स्वीकृत नर्म्स अनुसार विनियोजित बजेट निर्धारित कार्यमा खर्च गर्नुपर्दछ । पालिकाले गाउँ सभा सञ्चालन गर्दा पदाधिकारीहरुलाई मायाको चिनोको रुपमा ट्र्याक सुट तथा ढाका साडी रु. १५९३७५/- मा खरिद गरी वितरण गरेको पाइयो । गाउँसभामा कपडा खरिद गरी वितरण गरेको खर्च मितव्ययी देखीएन । पालिकाले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३७</td><td></td><td></td><td>बैठक भत्ता<br>गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ (संशोधन सहित) को दफा ३ मा पदाधिकारीलाई बैठक नबसेको दिनको बैठक भत्ता पाउने व्यवस्था छैन । देहायको विवरण अनुसार पालिकाले पदाधिकारीहरुलाई मासिक ३ वटाका दरले कार्यपालिका बैठक भत्ता भुक्तानी दिएकोमा कार्यपालिका बैठकको माइन्युट माग गरी परीक्षण गर्दा १३ वटा बैठक मात्र बसेको पाइयो । यस प्रकार नबसेको बैठकको भत्ता भुक्तानी दिन नमिल्ने हुँदा उक्त रकम सम्बन्धित पदाधिकारीहरुबाट असुल गर्नुपर्ने रु.
<table>
<tr><th>सि. नं.</th><th>दर्जा नाम थर</th><th>बैठक संख्या</th><th>भुक्तानी रकम कट्टी कर घटाई</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>अध्यक्ष जयनारायण शाह</td><td>२३</td><td>१९५५०</td><td>बैठक नबसेको</td></tr>
<tr><td>२</td><td>उपाध्यक्ष कुन्ति देवी बुढाथोकी</td><td>२३</td><td>१९५५०</td><td>बैठक नबसेको</td></tr>
<tr><td>३</td><td>का पा सदस्य टिका बहादुर विश्वकर्मा</td><td>२३</td><td>१९५५०</td><td>बैठक नबसेको</td></tr>
<tr><td>४</td><td>का पा सदस्य भाद्रुलाल गणेश</td><td>२३</td><td>१९५५०</td><td>बैठक नबसेको</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>७८२००</td><td></td></tr>
</table></td><td>७८,२००</td></tr>
<tr><td>३८</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका सबैवडाहरुमा मा बाटो मर्मत, सडक स्तरउन्नति, सिंचाई तथा नदि नियन्त्रण, नाला सरसफाई लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ९९ जनालाई औसतमा ८९ दिनसम्म रोजगारी उपलव्ध गराई प्रशासनिक तथा सामग्री खर्च बापत रु. १०६१४१०/- र श्रमिक ज्याला बापत रु. ४५५३२१९/- समेत रु. ५६१४६२९/- खर्च गरेको छ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन।</td><td></td></tr>
<tr><td>३९</td><td>विभिन्न</td><td></td><td>सुरक्षित नागरिक आवास कार्यक्रम<br>सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत छनौट भएका लक्षित वर्गका लाभग्राही परिवारलाई प्रति परिवार रु. ५००००/- का दरले विनियोजन भएको छ । पालिकाले सुरक्षित नागरिक आवास कार्यक्रमको लागि छनौट भएका २३५ जना लक्षित वर्गका परिवारलाई प्रथम किस्ता बापत जस्तापाता र काठ लगायतका सामग्री खरिद गर्न रु. ३००००/- का दरले रु. ७०५००००/- निकासा दिई खर्च गरेको छ । सो मध्ये लेखापरीक्षण अवधि सम्म १४५ जना लक्षित वर्गहरुको कार्य सम्पन्न भई दोस्रो किस्ता समेत भुक्तानी भएको पाइयो । आर्थिक वर्षको अन्त्य सम्म पनि तोकिएको शर्त बमोजिम कार्यसम्पन्न नभएको ९० जना बाँकी लाभग्राहीहरुको कार्य सम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्ने रु.</td><td>२,७००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | | | **बाख्रा पकेट विकास कार्यक्रम** | |
| ४०.१ | १९२ | २०७८-३-२३ | शर्शत अनुदानको प्राप्त रकमबाट कार्यक्रम संचालन गरी खर्च गर्दा तोकिएको नर्म्स अनुसार कार्यक्रम संचालन गरी खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयलाई प्राप्त प्रधानमन्त्री कृषि आधुनिकीकरण योजना तर्फको रकमबाट विभिन्न पकेट विकास सम्बन्धी कार्यक्रम संचालन गरेको छ । सो मध्ये बाख्रा पकेट विकास कार्यक्रम तर्फ १ समुहमा १५ कृषकहरु छनौट गरी ५० प्रतिशत अनुदानमा बाख्रा तथा बोका खरिद रु. १२५००००/- अनुदान उपलब्ध गराएको पाइयो । कार्यक्रमको लागत सहभागिता बाँडफाँड गर्दा पालिकाले व्यहोर्नुपर्ने रकमको बाँडफाँड भई परियोजना प्रस्तावमा मूल्यको प्रतिशतका दरले व्यहोर्ने गरी बाँडफाँड भएको पाइयो । कृषकहरुले व्यहोर्नुपर्ने अंशको नगद दाखिला गरेको प्रमाण पेश भएन । बाख्राको पकेट क्षेत्र संचालन गर्न छनौट भएका समुहलाई बाख्रा उपलब्ध गराउँदा स्रोत केन्द्र नतोकिदिएको, खरिद गरिएका बाख्राहरुको स्वास्थ्य जाँच नगरेको समेत पाइयो । पशुपक्षि उपलब्ध गराउने गरी कार्यक्रम संचालन गर्दा उन्नत र स्वास्थ्य पशु खरिद र वितरण गर्ने व्यवस्था गर्नुपर्दछ । | |
| ४०.२ | १९२ | २०७८-३-२३ | आयकर ऐन, २०५८ को दफा ८७, ८८, ८९ अनुसार भएको कारोबारको भुक्तानी गर्नुपुर्व कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले बाख्रा पकेट क्षेत्र कार्यक्रम अन्तर्गत १५ कृषकहरुलाई अनुदानमा रु. २५०००००/- को बोका बाख्रा खरिद गरेको बिल भरपाईमा उपर्युक्त व्यवस्था बमोजिम कर कट्टी गरेको पाइएन । अतः कार्यक्रम सञ्चालक जगत नारायण मण्डल मार्फत भुक्तानी भएको खर्चमा कर बापत लाग्ने रकम असुल गरी दाखिला गर्नुपर्ने रु. | ३७,५०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१ | विभिन्न | | **दिवा खाजा कार्यक्रम**<br>वित्तीय हस्तान्तरण मार्फत शर्शत अनुदानमा पाएको रकम खर्च गर्दा तोकिएको आधार र स्वीकृत नर्म्सको आधारमा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष दिवा खाजा कार्यक्रम सञ्चालन गर्न विद्यालयहरुलाई हाजिरी दिन का आधारमा प्रति विद्यार्थी रु. १५/- का दरले बाल विकास र प्राथमिक तह तर्फका विद्यार्थीहरुका लागि रु. ३२६२२५०/- निकासा गरेकोमा लेखापरीक्षणमा विद्यार्थीहरुलाई देहाय अनुसार रु. २३६९७६५/- को दिवा खाजा खुवाएको खर्च विवरण मात्र पेश हुन आयो । साथै २०७८।१।१६ देखि कोभिड-१९ को कारणले विद्यालयहरु बन्द रहेकोले निकासा भएको रकम मध्ये बाँकी रहेको रकमबाट तोकिएको कार्यमा खर्च भए नभएको एकिन गरी प्रमाण पेश हुनुपर्ने तथा खर्च नभएमा रकम फिर्ता लिई संघीय संचित कोष दाखिला हुनुपर्ने रु. | ३१,६८० |

| विद्यालयको नाम | निकासा रकम | खर्च रकम | बाँकी |
|---|---|---|---|
| सितुमारी प्रा.वि. | ६६२५० | ६१५०० | ४७५० |
| त्रिभुवन आ.वि. | १६५००० | १४९०४० | १५९६० |
| जुडो प्रा.वि. | ९००५० | ७९०८० | १०९७० |
| सालमारा प्रा.वि. | २०९००० | २२७८९५ | ० |
| भानुभक्त प्रा.वि. | १३१०५० | १३२४३५ | ० |
| **जम्मा** | | | **३१६८०** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | १२८ | २०७८-१-१९ | **शैक्षिक सिकाइ सहजिकरण कार्यक्रम**<br>कोभिड १९ का कारण उत्पन्न परीस्थितिमा शिक्षण सिकाइ सहजिकरणका लागि शैक्षिक कार्यक्रम अन्तर्गत पालिकाले अन्तर्गतका आधारभुत तहका सबै विद्यालयका लागि सुचना तथा संचार प्रविधिमा आधारित शिक्षण सिकाई व्यवस्थापन गर्न प्रति विद्यालय एकमुष्ट रु. १२ हजारका दरले रु. १९२०००/- अनुदान दिएको छ । साथै पालिकाले २२ वटा विद्यालयका वाल विकास कक्षा देखि १२ कक्षा सम्मका विद्यार्थीहरुलाई स्वास्थ्य सामग्री व्यवस्थापन गर्न प्रति विद्यार्थी रु. २००/- का दरले (६४२३ विद्यार्थीका लागि ) रु. १२८४६००/- विद्यालयको खातामा रकम निकासा दिएको पाइयो । पालिकाले निकासा दिएको उक्त अनुदान रकमबाट सुचना तथा सञ्चारमा आधारित शिक्षण सिकाई व्यवस्थापनको लागि इन्टरनेट जडान, जडित इन्टरनेटको शुल्क भुक्तानी र स्वास्थ्य सुरक्षाका मापदण्ड विकास गर्न खर्च गरी सोको विल भरपाई र विवरण पेश गर्नुपर्ने तथा पालिकाले सम्पादित कार्यहरुको नियमित अनुगमन तथा सुपरिवेक्षण गरी कार्य प्रगति तयार गर्नुपर्नेमा सो भए गरेको पाइएन । निकासा भएको अनुदान रकम सम्बन्धित क्षेत्रमा उपयोग भएको सुनिश्चित नभएकोले सो को विल भरपाई तथा अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु. | १,४७६,६०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३ | ९५ | २०७७-११-१९ | **शिक्षण सिकाई अनुदान**<br>शशर्त अनुदानको तर्फको रकम प्राप्त गरी खर्च गर्दा तोकिएको आधार र स्वीकृत नर्म्स अनुसार गर्नुपर्ने व्यवस्था छ । शून्य दरबन्दी भएका माध्यमिक विद्यालयका लागि प्रति विद्यालय २ शिक्षक व्यवस्थापन गर्न ६ महिनाका लागि प्रति शिक्षक रु. २१६०००/- निकासा दिने उल्लेख छ । पालिकाले यस कार्यक्रम अन्तर्गत महेन्द्र मा.वि. लाई रु. २१६०००/- र कुवाडी देवी मा.वि. लाई रु. ६४८०००/- समेत कुल रु. ८६४०००/- निकासा गरेको छ । उक्त निकासा भएको रकमबाट तोकिए बमोजिम शिक्षक नियुक्ती गरी खर्च भएको विवरण प्राप्त नभएकोले सो रकमबाट शिक्षक नियुक्ती गरी पठनपाठन गराएको प्रमाण पेश हुनुपर्ने रु. | ८६४,००० |
| ४४ | १४७ | २०७८-२-२३ | **सामुदायिक सिकाइ केन्द्र**<br>स्थानीय तहले नियमितरुपमा चलेका सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापन समितिले गरेको सिफारिसको निर्णय र स्थलगत निरीक्षण प्रतिवेदनका आधारमा हाजिरी प्रमाण प्राप्त भएपछि सामुदायिक परिचालकको रकम अनुदान दिने र प्रस्तावको आधारमा व्यवस्थापन खर्च रकम उपलब्ध गराउने व्यवस्था कार्यक्रम कार्यान्वयन निर्देशिकामा रहेको छ । पालिकाले कंचनजंघा सामुदायिक सिकाइ केन्द्रलाई रकम रु. २०००००/- निकासा गरेकोमा कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिम व्यवस्थापन समितिले गरेको सिफारिस परिचालनको हाजीरी प्रमाण आदि पेश नभएकोले सो प्रमाण पेश हुनुपर्ने रु. | २००,००० |
| ४५ | विभिन्न | | **नमुना विद्यालय अनुदान**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ मा नमूना विद्यालयले गत आर्थीक वर्ष पूर्वका वर्षमा प्राप्त गरेको बजेटबाट स्वीकृत गुरुयोजनाको परिधि भित्र रही न्यूनतम पुर्वाधारहरुको प्राथमिकता निर्धारण गरी आईसिटि ल्याब, विज्ञान प्रयोगशाला, पुस्तकालय व्यवस्थापन जस्ता पुँजीगत निर्माण र सुधारका क्षेत्रमा खर्च गर्नुपर्ने उल्लेख छ । विद्यालयले भौतिक निर्माण कार्य गर्दा खरिद दिग्दर्शन, सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली भित्र रही कार्य सञ्चालन गर्नुपर्ने भनी तोकिएको छ । विद्यालयले माथि उल्लेखित क्षेत्रमा गुरुयोजना स्वीकृत गराई स्वीकृत गुरुयोजनाले तोकेको क्षेत्रमा खर्च गर्नुपर्ने र सो को नियमित अनुगमन गरी अनुगमन प्रतिवेदन स्थानीय तह र शिक्षा तथा मानव श्रोत विकास केन्द्रमा पठाउनुपर्ने समेत व्यवस्था रहेको छ ।पालिकाले यस वर्ष नमुना विद्यालयको रुपमा छनौट भएको डिल्लीराज मा.वि., जितपुरलाई भौ नं. ९०-०७७। ११।१८ बाट शैक्षिक सुधार कार्यक्रम बापत रु. ५००००००/-, भौ नं. ९१-०७७।११।१८ बाट विज्ञान प्रयोगशाला भवन तथा छात्रा शौचालय भवन निर्माण गर्न पहिलो किस्ता बापत रु. ५००००००/- र भौ नं. २०२-०७८।३।२४ बाट दोस्रो किस्ता बापत रु. ५००००००/- समेत गरी रु. १५००००००/- अनुदान निकासा दिएकोमा विद्यालयले स्वीकृत गुरुयोजना अनुरुपको कार्यमा खर्च भए नभएको अनुगमन तथा कार्य प्रगति प्रतिवेदन पेश गरेको पाइएन । तसर्थ विद्यालयले उपरोक्त बमोजिम स्वीकृत गुरुयोजना अनुसारको कार्य प्रगति तथा अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु. | १५,०००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | विभिन्न | | **शैक्षिक सामग्री व्यवस्थापन**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ मा इन्टरनेटको पहुँच भएका तथा विद्युतको नियमित आपूर्ति भएका विद्यालयहरुको विवरण तयार गरी ती विद्यालयबाट माध्यमिक तहमा गणित, अंग्रेजी, विज्ञान विषय पढाइरहेको शिक्षकको ल्याव तथा पुस्तकालय एवं स्मार्ट कक्षाको माध्यमबाट शिक्षण गर्न सक्ने क्षमता र तत्परता खुल्ने विवरण सहितको प्रस्ताव माग गरी छनौट भएका विद्यालयलाई दिएको अनुदान रकमबाट सार्वजनिक खरिद ऐन, नियमावलीको प्रक्रिया पूरा गरी विद्यालयले शैक्षिक सामग्री खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले सो अनुदान बापत डिल्लीराज मा. वि. लाई पुस्तकालय स्थापना बापत रु. ६५००००/- र राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत आई. सि. टी. व्यवस्थापन बापत रु. ६५००००/- समेत गरी रु. १३०००००/- निकासा गरेकोमा कार्यक्रम कार्यान्वयन निर्देशिका वमोजिम विद्यालयले सामग्री खरिद गरी कार्य सञ्चालन गरेको प्रमाण पेश गरेको देखिएन । अतः विद्यालयहरुले सामग्री खरिद गरी कार्य सञ्चालन गरेको प्रमाण पेश हुनुपर्ने रु. | १,३००,००० |
| ४७ | | | **तोकीएको सिमाभन्दा बढी दरभाउपत्रबाट विधिबाट खरिद**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ मा सार्वजनिक निकायले बीसलाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको मालसामान खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने र नियम ८४ मा बीसलाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सिलबन्दि दरभाउपत्रको माध्यमबाट खरिद गर्न सकिने व्यवस्था छ । गाउँपालिकाले पूर्वाञ्चल दैनिक पत्रिकामा २०७८।१।२१ मा प्रकाशन गरेको सूचनामा विभिन्न ६ प्रकारका मालसामानको लागत अनुमान जम्मा रु २०५३८००।०० खुलाई दरभाउपत्रको आब्हान गरेको पाइयो । उक्त खरिदमा पूर्वाञ्चल कृषि सेन्टरको रु १९८०७००।०० को दरभाउपत्र स्वीकृत गरी गाउँपालिका अनुदानतर्फको रकम रु ९९०३५०।०० भुक्तानी भएको पाईयो । गाउँपालिकाले खरिद नियमावलीले तोकेको सिमाभन्दा बढी रकमको लागत अनुमान भएकोमा समेत सिलबन्दि दरभाउपत्रको माध्यमबाट खरिद गरी भुक्तानी भएको नियमसम्मत नदेखिएको रु.. | ९९०,३५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८ | ९ | २०७८-३-२४ | **विद्युत पोल खरिद**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ १(क) मा नेपालमा उत्पादित पन्ध्र लाख रुपैयाँसम्मको मालसामान त्यस्तो मालसामानको उत्पादकले राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मुल्यमा सोझै खरिद गर्न सकिने प्रकृया सम्बन्धि व्यवस्था छ र यसरी सोझै खरिद गर्दा उपलब्ध भएसम्म नेपाल गुणस्तर चिन्ह प्राप्त मालसामान खरिद गर्नु पर्ने उल्लेख छ । त्यसैगरी नियमावली, को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा स्पेशिफिकेशन स्वीकृत गरी स्थानीय बजारमा प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लागने ढुवानी खर्च सहितको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले कृषिमा निर्भर हुन खेत खेतमा सिचाईको लागि विद्युत विस्तार कार्यक्रम अन्तरगत १७० थान विद्युत पोल (पि.सि.सि. ९) उक्त खरिद व्यवस्था बमोजिम पाथिभारा कंकृट इण्डस्ट्रीज प्रा. लि. मार्फत सोझै खरिद गरी रु. १४९८३८०/- भुक्तानी गरेको छ । यस सम्बन्धी देखिएका थप व्योहोराहरु निम्नानुसार छनः<br>**(क)** पालिकाले उक्त पोलको ढुवानी खर्च सहितको लागत अनुमान तयार गर्नुपर्नेमा सो नगरी मालसामान खरिद र ढुवानीलाई छुट्टै छुट्टै खर्च देखाएको छ । मालसामान खरिद बापत रु. १४९८३८०/- र पुनः ढुवानी बापत रु. १३०९००/- समेत रु. १६२९२८०/- खर्च भएको देखिएको हुँदा सिमा भन्दा बढी सोझै खर्च गरेको रकम नियमसम्मत नदेखिएको रु.<br>**(ख)** आपूर्तकले आपूर्ती गरेको सामानहरु निर्धारित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको गुणस्तर निरीक्षण परीक्षण गरी प्रतिवेदन पेश गर्नुपर्नेमा उक्त प्रतिवेदन पेश गरेको पाइएन ।<br>**(ग)** खरिद भएका उक्त सामग्री जिन्सी दाखिला गरेको समेत देखिएन । साथै खरिद भएका विद्युत पोल वडामा भएको देखाएतापनि तोकिएको स्थानमा पोल जडान गरेको अभिलेख नापी कितावमा प्रविष्ट गरेको देखिएन।<br>तसर्थ खरिद भएका विद्युतिकरणका सामानहरुको गुणस्तर परीक्षण गरी विधिवत जिन्सी दाखिला गरी विद्युतिकरणको कार्य यथाशिघ्र अघि बढाई सामग्रीको गुणस्तरमा ह्रास हुन नदिने गरी व्यवस्था मिलाउन कार्यालयले ध्यान पुर्याउनुपर्दछ । | १,६२९,२८० |
| ४९ | | | **मालसामान खरिदको सूचनामा लागत अनुमान अंक खुलाएको**<br>सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ मा मालसामान खरिदको सूचनामा लागत अनुमान अंक खुलाउनुपर्ने व्यवस्था देखिदैन । गाउँपालिकाले बाइसाइकल खरिदको दरभाउपत्रको सूचनामा लागत अनुमान अंक खुलाएको पाईयो । लागत अुमान अंक रु १९९९१९९।७६ सूचनामा खुलाएको समेत कारणले लागत अनुमानकै हाराहारीमा दरभाउपत्रको कबुल अंक रु १९७०२५४।४० स्वीकृत गरी सम्झौता भएको पाइयो । मालसामान खरिदको दरभाउपत्रको सूचनामा लागत अनुमान अंक खुलाउन मिल्ने देखिदैन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५०</td><td>विभिन्न</td><td></td><td>
विभिन्न व्यक्ति तथा संस्था अनुदान
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार स्थानीयतहले वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूर्जीँ निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । स्थानीय तहले स्वीकृत बजेटबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान स्वरुप रकम उपलब्ध गराउन मिल्दैन । यदि उपलब्ध गराउने हो भने पनी सो को कार्यविधि बनाउनुपर्ने तथा त्यस्तो संस्थाले सार्वजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेवा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । पालिकाले यस वर्ष कार्यविधि नबनाई देहायअनुसारका नाफामुलक संस्था एवं व्यक्तीहरुलाई मेशिन औजार उपकरण खरिद गर्न अनुदान स्वरुप रु. ६०००००/- उपलब्ध गराएको छ । तर त्यसबाट उपरोक्त बमोजिम सेवा प्रवाह हुने सुनिश्चित छैन । तसर्थ यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययीता कायम गर्नुपर्दछ ।
<table>
<tr><th>सि.नं.</th><th>अनुदान पाउने संस्था/व्यक्तिको नाम</th><th>प्रयोजन</th><th>अनुदान रकम</th></tr>
<tr><td>१</td><td>श्री सहकारी संस्था लिमिटेड</td><td>फर्निचर खरिद</td><td>२०००००</td></tr>
<tr><td>२</td><td>श्री कुमारखोद साना किसान कृषि सहकारी संस्था लिमिटेड</td><td>ड्रायर मेसिन खरिद</td><td>२०००००</td></tr>
<tr><td>३</td><td>श्री मारसाल कृषि सहकारी संस्था लिमिटेड</td><td>ड्रायर मेसिन खरिद</td><td>२०००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>६०००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>
उपभोक्ता समितिले निर्माण व्यवसायीबाट काम गराएको
सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैंले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्रयाक्टरबाट गराउन नसकिने तथा कुनै कारणवश सो समिति वा समुदाय आफैले समयमा सो काम सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सूचना सार्वजनिक निकायलाई दिनुपर्ने र सार्वजनिक निकायले सो समिति संगको सम्झौता तोडी बाँकी काम ऐन र नियमावली बमोजिम गराउनुपर्ने व्यवस्था छ । निम्न उपभोक्ता समितिले पेश गरेको विल बमोजिम निर्माण व्यवसायीबाट रु ५५६९१४४।०० को काम गराएको पाइएको सम्बन्धमा कार्यालयले जानकारी पाए नपाएको पुन एकिन गर्नुपर्दछ ।
<table>
<tr><th>सि.नं.</th><th>उपभोक्ता समितीको नाम</th><th>भुक्तानी रकम</th><th>निर्माण व्यवसायीको नाम</th><th>पान नं</th><th>विल नं</th><th>विल रकम</th></tr>
<tr><td>१</td><td>झापा गाउँपालिका वडा नं ४ भरीका बाटोका खाल्डा खुल्डि पुर्ने उपभोक्ता समिति</td><td>११८७१०५</td><td>अवेदुल कन्स्ट्रक्सन प्रालि</td><td>६०६६९२३०६</td><td>६१ र ६२ ०७८।३। २२</td><td>१२८५१५९</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २ | लसुनगंज देखि सालमारा जाने बाटो ग्रावेल | ४८५३८८ | मिराक हाङ्ग निर्माण सेवा | ६०२६७६६८३ | ४६।०७८।२।२९ | ५०००२५ | |
| | | | ३ | प्रमिला गणेशको घर दक्षिणबाट पश्चम तर्फ जाने ६ नं वडा सिमानासम्म कृषि बाटो ग्राभेल | ३९१७२६ | अवेदुल कन्स्ट्रक्सन प्रालि एस जे फोर्टी विल्डर्स प्राली र फोरदा निर्माण सेवा प्राली | ६०६६९२३०६र ६०९६४२५७७ र ६०६६०६५३६ | २०।०७७।१२।२१र १५।०७७।१९।२९ र १७। ०७७।१२।२४ | ४०७३५० | |
| | | | ४ | अमरसिंह प्रा वि देखि सितुमारी जाने बाटो ग्राभेल | ४४२६१० | यस जे फोर्टी बिल्डर्स प्रा लि | ६०९६४२५७७ | १९।०७८।१।१७ | ४६५८८५ | |
| | | | ५ | इस्लाम मियाँ रुहिमारी मदरसाको पश्चिम कल्भर्ट देखि कबस्र्थान हुलै हुलाकी मार्ग सम्मको सडक उच्च स्तरी ग्राभेल | ९७९९९९ | के के आर कन्ट्रक्सन प्रा लि | ६०९८८५५२९ | १८ र ३६।०७७।१२।२८ | ११५४७८५ | |
| | | | ६ | सन्थाल आवास घेराबारा | ७४८४६२ | के के आर कन्ट्रक्सन प्रा लि | ६०९८८५५२९ | ५२।०७८।३।२४ | ७५०२४० | |
| | | | ७ | बरालको घर पश्चिम मलामी टहरो साथै दाहसंस्कार स्थल निर्माण योजना | ८६००६१ | सतासी निर्माण सेवा | ३०४५९४०५० | २५।०७८।३।२४ | १००५७०० | |
| | | | ८ | जम्मा | | | | | ५५६९१४४ | |
| ५२ | | | **जटिल प्रकृतिको काम उपभोक्ता समितिबाट गराएको**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने र श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले जटिल प्राविधिक पक्ष समावेश हुने आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितको लागत अनुमान रु ६८००३५८ भएको रेडक्रस सामुदायिक भवन निर्माण कार्य समेत उपभोक्ता समितिहरुमार्फत् गराई रु ५३१९२८२ भुक्तानी गरेको पाइयो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाटबोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । | | | | | | | |
| ५३ | | | **राजस्व अभिलेख**<br>गाउँपालिकाले कर निर्धारण फाइल, ठेक्का फाइल, निर्णय, सम्झौतापत्र बमोजिम उठाउनु पर्ने रकम उठाएको रकम र बाँकी रकमको करदातागत वा सम्झौतागत अभिलेख राख्नुपर्नेमा राखेको पाईएन । | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **राजस्व दाखिला** | ४६,७७६ |

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यालय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सो भन्दा बढि ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था छ। गाउँपालिकाले संकलित राजस्वको दैनिक प्रविष्टिबाट यकिन गरी ढिला दाखिला गरेको सम्बन्धमा जरिवाना लगाउनुपर्ने र कसुरको मात्रा अनुसार कानून बमोजिम विभागीय कारवाही समेत गर्नुपर्ने देखिन्छ। गाउँपालिका र वडा बाट संकलन भएको राजस्व दाखिलाको अवस्था नमुना परीक्षण गर्दा संकलन भएको राजस्व संकलन अवधि भन्दा देहायबमोजिम ढिलाई गरी दाखिला गरेकोले नियमानुसार लाग्ने थप जरिवाना रु ४६७७६।०० असुल गरी दाखिला गर्नुपर्ने देखियो।

| राजस्व संकलक | संकलन अवधि | संकलित राजस्व | दाखिला मिति | दाखिलामा ढीलाई अवधि दिन | ब्याज रकम |
|---|---|---|---|---|---|
| गाउँपालिका | 4/01-9/24 | 183850 | 3/30 | 186 | 9368.8 |
| | 9/24-12/25 | 49497 | 3/30 | 97 | 1315.4 |
| वडा न. १ | 05/01-05/31 | 49928 | 6/20 | 19 | 259.9 |
| | 07/01-07/30 | 18552 | 8/28 | 27 | 137.23 |
| | 08/01-08/30 | 68134 | 10/13 | 41 | 765.34 |
| | 09/01-09/29 | 69400 | 10/15 | 14 | 266.19 |
| | 10/01-10/30 | 46773 | 12/10 | 38 | 486.95 |
| | 12/01-12/31 | 94873 | 3/27 | 88 | 2287.3 |
| | 01/01-01/31 | 25902 | 3/27 | 57 | 404.5 |
| वडा नं.२ | 04/02-04-32 | 123441 | 6/4 | 34 | 1149.9 |
| | 07/01-07/30 | 48565 | 8/28 | 27 | 359.25 |
| | 08/01-08/30 | 56890 | 10/14 | 42 | 654.62 |
| | 09/01-09/29 | 140000 | 11/17 | 46 | 1764.4 |
| | 10/01-10/30 | 169435 | 12/9 | 37 | 1717.6 |
| | 11/01-12/30 | 291479 | 3/27 | 89 | 7107.3 |
| | 04/01-04/32 | 192185 | 6/4 | 34 | 1790.2 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | 07/01-07/30 | 74420 | 8/17 | 16 | 326.22 | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वडा नं.३ | 09/01-09/29 | 94787 | 10/13 | 12 | 311.63 | |
| | | | | | 11/01-11/29 | 146634 | 1/13 | 43 | 1727.5 | |
| | | | | | 01/01-01/31 | 56288 | 3/30 | 60 | 925.28 | |
| | | | | वडा न.४ | 04/06-04/14 | 11318 | 5/10 | 27 | 83.722 | |
| | | | | | 07/01-07/30 | 39918 | 9/6 | 35 | 382.78 | |
| | | | | | 09/01-09/29 | 80082 | 10/15 | 14 | 307.16 | |
| | | | | | 11/01-11/29 | 117263 | 12/24 | 23 | 738.92 | |
| | | | | वडा नं.५ | 04/01-04/32 | 72554 | 6/3 | 33 | 655.97 | |
| | | | | | 07/01-07/30 | 12450 | 9/2 | 31 | 105.74 | |
| | | | | वडा नं. ६ | 04/01-04/32 | 126540 | 6/4 | 34 | 1178.7 | |
| | | | | | 11/01-11/29 | 89147 | 3/31 | 123 | 3004.1 | |
| | | | | | 12/01-12/31 | 98444 | 3/31 | 92 | 2481.3 | |
| | | | | | 01/01-01/31 | 35226 | 3/31 | 61 | 588.71 | |
| | | | | वडा नं. ७ | 04/02-04/32 | 138172 | 6/10 | 40 | 1514.2 | |
| | | | | | 07/01-07/30 | 20311 | 8/18 | 17 | 94.599 | |
| | | | | | 11/01-11/29 | 146515 | 1/10 | 40 | 1605.6 | |
| | | | | | 01/01-01/31 | 55264 | 3/30 | 60 | 908.45 | |
| | | | | | जम्मा | | | | 46776 | |
| ५५ | | | **राजस्वको अभिलेख**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तय उत्तरदायित्व नियमावली,२०७७ को नियम ५९ मा कार्यालयले राजस्वको लेखा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले राजस्व बक्यौताको लगत अद्यावधिक गरी राखेको पाईएन । | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६ | | | **आन्तरिक आय अनुमान र असुली**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले राजस्व संकलनको अनुमान १२५०००००।०० गरेकोमा संकलन ९४३५९५२।०० मात्र संकलन भई अनुमान भन्दा ३०६४०४८।०० घटी संकलन भएको पाईयो । | |
| ५७ | | | **वडा सञ्चालन खर्च**<br>सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ को दफा नं. ३ (२) मा सार्वजनिक निकाय तथा सार्वजनिक पद धारण गरेको व्यक्ति सरकारी कामको सिलसिलामा खर्च गर्दा कार्यालय सामान, मसलन्द, पानी, बिजुली, इन्धन जस्ता खर्चमा मितव्ययीता कायम हुने गरी खर्च गर्नु पर्ने उल्लेख छ । त्यसैगरी सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं. ३८ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुले समेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले अन्तर्गतका ७ वडा हरुलाई वडा कार्यालय सञ्चालन गर्न रु. ४०००००/- का दरले विनियोजन गरी यस वर्ष रु. २७४९०००/- खर्च गरेको छ । वडा संचालन खर्चको श्रेस्ता परिक्षण गर्दा सम्बन्धित आपूर्तकलाई सोझै भुक्तानी नगरेको, दाखिला प्रतिवेदनमा जिन्सी खाता पाना नम्बर उल्लेख नगरेको तथा चिया खाजामा स्पष्ट मापदण्ड बनाइ मितव्ययी तवरले खर्च गरेको नदेखिएको साथै वडा कार्यालयको खर्चमा एकरुपता नदेखिने तथा गाउँपालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने देखिएकाले दुई निकायबाट खर्च गर्ने परिपाटी नियन्त्रण गरी खर्चमा एकद्वार पद्धति कायम गर्न ध्यान दिनुपर्दछ । | |
| ५८ | | | **आन्तरिक लेखापरीक्षणले औल्यायको बेरुजु** | |
| ५८.१ | | | शिक्षा अधिकृत जिबन प्रसाद ढकाललाई स्वीकृत भ्रमण आदेश बिना नै भ्रमण बिल रु १६८००।०० भुक्तानी गरिएकोमा स्वीकृत भ्रमण आदेश पेश हुनुपर्ने रु.. | १६,८०० |
| ५८.२ | | | अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका २०७५ मा सिप विकास तालिममा प्रतिकक्षा कार्यपत्रको रु ३५० र प्रशिक्षणको रु ७०० गरी जम्मा रु १०५० भुक्तानी गर्न मिल्ने व्यवस्था छ । गाउँपालिकाले वडा न. १ र २ मा सिप विकास तालिम कार्यक्रम संचालन गर्दा २ जना प्रशिक्षकलाई ३००० का दरले ६ कक्षाको रु ३६०००।०० गैर सरकारी सहकारी संस्था महासंघ नेपाललाई भुक्तानी गरेको पाइयो । नियम भन्दा बढी भुक्तानी भएको रु २३४००।०० सम्बन्धितबाट असुल गर्नुपर्ने रु.. | २३,४०० |
| ५८.३ | | | कार्यालयमा मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गरेरमात्र मर्मत गर्नुपर्दछ तथा भ्रमण विल भुक्तानी गर्दा भ्रमण विल पेश हुनुपर्दछ । कार्यालयले न्यायिक समिति सदस्य राजकुमार कोचलाई मोटरसाइकल मर्मतको विल रकम रु १००००।०० ,का .स. नकुल राजबंशीलाई रु ८१००।०० र अमृत बहादुर राजवंशीलाई रु ६०००।०० भ्रमण भत्ता भुक्तानी भएको श्रेष्तासाथ ममर्त आदेश तथा भ्रमण विल संलग्न गरेको पाइएन। स्वीकृत मर्मत आदेश र भ्रमण विल पेश हुनुपर्ने रु.. | २४,१०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५८.४ | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५ मा कार्यालयमा प्राप्त भएका जिन्सी मालसामानको अभिलेख राख्नुपर्ने व्यवस्था छ । कार्यालय र जोरमाई क्लबबिच भलिबल खेल प्रतियोगिता संचालन गर्ने संझौता भै खेलका लागि आवश्यक मालसामान रु ३९२०८।०० मा खरिद भई भुक्तानी भएकोमा कोरोनाको कारणले प्रतियोगिता संचालन नभएकोले खरिद भएका मालसामान कार्यालयमा दाखिला भएको प्रमाण पेश हुनुपर्ने रु.. | ३९,२०८ |
| ५८.५ | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५ मा कार्यालयमा प्राप्त भएका जिन्सी मालसामानको अभिलेख राख्नुपर्ने व्यवस्था छ । कार्यालयले चप्रमारी प्रा.वि. शैक्षिक सुधार का लागि शैक्षिक सामग्री खरिदको रु २०००००।०० भुक्तानी गरेको श्रेष्ता साथ जिन्सी अभिलेखको प्रमाण संलग्न गरेको पाईएन । उक्त विद्यालयको जिन्सी अभिलेख प्रमाण पेश हुनुपर्ने रु.. | २००,००० |
| ५९ | | | **छात्रवृत्ति वितरण**<br>पालिकाअन्तर्गत उच्च माध्यमिक कक्षा सञ्चालन हुने विद्यालयहरु जनता मा. वि. र डिल्लीराज मा.वि. मा अध्यनरत कक्षा ११ का सबै विद्यार्थीहरु क्रमशः १५६ जना र १६१ जनालाई जनही रु. ९२५०/- का दरले कुल रु. २९३२२५०/- पालिकाले यस वर्ष छात्रवृत्ति बापत खर्च गरेको छ । त्यस अतिरिक्त विभिन्न संकायमा अध्ययनरत यस पालिकाका सिमित विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययन छात्रवृत्ति बापत रु. ३९००००/- समेत पालिकाले खर्च गरेको छ । यसरी उपलब्ध गराएको छात्रवृत्ति रकमको समुचित उपयोग भए नभएको सम्बन्धी पालिकाले अनुगमन गरेको पाइएन । उपलब्ध गराएको छात्रवृत्ति रकमबाट कक्षा ११ मा अध्ययनरत विद्यार्थीहरुको शैक्षिक सुधारको प्रगति तथा मुल्याङ्कन सम्बन्धी पालिकाले कुनै मापदण्ड बनाएको पाइएन । प्रत्येक वर्ष यस प्रकृतिका वितरणमुखी कार्यक्रममा बजेट विनियोजन गरी खर्च गरेकोमा पालिकाले उक्त खर्चको उपलब्धीता तथा प्रभावकारीता सम्बन्धी कुनै अध्ययन वा अनुगमन भए गरेको पाइएन । पालिकाको आन्तरिक आय न्यून भएको अवस्थामा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्ने र यसरी उपलब्ध गराएको रकमले विद्यार्थीहरुको शैक्षिक सुधारको अवस्थाको अनुगमन गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६०</td><td></td><td></td><td>शिक्षक दरबन्दी र पदपुर्ति<br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिका अन्तर्गत विभिन्न तहका २२ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>शिक्षक दरबन्दी</th><th>पदपूर्ति</th><th>पदपूर्ति मध्ये करार</th><th>विद्यार्थी संख्या</th></tr>
<tr><td>१</td><td>२२ विद्यालय</td><td>२२६</td><td>२२५</td><td>६१</td><td>६४२३</td></tr>
</table>
:<br>गाउँपालिकाले विद्यालय कर्मचारी तथा शिक्षकहरुको अवकाश, सरुवा र नियुक्तीको विवरणको अभिलेख अद्यावधिक राखेको पाइएन ।</td><td></td></tr>
<tr><td>६१</td><td></td><td></td><td>सामाजिक सुरक्षा भत्ता वितरण<br>सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन-२०७५,सामाजिक सुरक्षा नियमावली २०७६, विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति- २०७४, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को प्रावधान बमोजिम गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यस वर्ष नेपाल सरकारबाट रु. ८२७१९४५८/-निकासा भएकोमा पुरै रकम खर्च देखाई आर्थिक विवरण पेश भएको छ । कार्यालयले भत्ता वितरण कार्य बैंक मार्फत गर्ने गरेको र आन्तरिक लेखापरीक्षणबाट निकासा बरावर खर्च प्रमाणित गरी रु. १४९०६८७/- फिर्ता गर्नुपर्ने व्यहोराको बेरुजु सम्बन्धमा एकिन गर्न लेखापरीक्षणको क्रममा २०७८ असार मसान्त सम्मको बैंकबाट प्राप्त रिभर्स फिड माग गरी परीक्षण गर्दा देखिएको थप व्यहोराहरु निम्नानुसार छन्</td><td></td></tr>
<tr><td>६१.१</td><td></td><td></td><td>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा प्रत्येक स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई.एस लगतका आधारमा भत्ता रकम निकासा पाउने सम्बन्धमा व्यवस्था छ । नमुना छनौट गरी परिक्षण गरिएकोमा केही लाभग्राहीको नागरिकता प्रमाण पत्र नं नभएको, ना.प्र.नं. दोहोरिएको तेहरिएको वा सो भन्दा बढी रहेको, ना.प्र.नं. जारी मिति उल्लेख नगरेको, लाभग्राहीको बाबु, आमा, बाजेको नाम उल्लेख नगरेको, नाम दोहोरो रहेको समेत देखिएकोले मृत्यु भै सकेका सबै लाभग्राहीहरुको लगत कट्टा भए नभएको एकिन गर्न सकिएन । एम.आई.एस. विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको व्यक्तिलाई दोहोरो भत्ता जान सक्ने, मृत्यु भै सकेकालाई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा गाउँपालिकाले एम.आई.एस. लगत अद्यावधिक गरेरमात्र भत्ता वितरण सम्बन्धी कार्य गर्नु पर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६१.२ | | | • सामाजिक सुरक्षा नियमावली,२०७६ को नियम २३ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा वार्षिक प्रतिवेदन नियमको अनुसुची ६ को ढाँचामा तयार गरि उपनियम २ मा तोकिएको समायवधि भित्र विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धि विषय हेर्ने निकायमा पठाउनु पर्ने मा सो अनुसार पठाउने गरेको देखिएन । तसर्थ पालिकामा अघिल्लो वर्ष र यस वर्षको भत्ता वितरणको तुलनात्मन स्थिती विशलेषण गर्न सकिएन ।<br>• सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम २२(१) मा ऐन तथा नियमावली बमोजिम राखिएको अभिलेख तथा सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा सम्बन्धित गाँउ कार्यपालिकाका अध्यक्षले निरन्तर अनुगमन गर्नु वा गराउनु पर्ने व्यवस्था छ । अनुगमन विवरण पेश नभएकोले यस सम्बन्धमा एकिन हुन सकेन । | |
| ६१.३ | | | • सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं २३(५) मा बैंक तथा वित्तिय संस्थाले सामाजिक सुरक्षा खाताहरु मध्ये निष्कृय (डोरम्यान्ट) खाताको विवरण प्रत्येक वर्षको श्रावण महिनाभित्र केन्द्रीय पञ्जिकरण विभाग तथा कार्यालयलाई दिनुपर्ने उल्लेख छ । बैंकबाट सो विवरण प्राप्त भएको पाइएन । कार्यालयले निष्कृय खाताको विवरण यथासिघ्र यकिन गरी रकम बाँकी भए संघीय सञ्चितकोषमा दाखिला गर्नुपर्दछ ।<br>• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं २३(५) मा गाउँपालिकाबाट प्राप्त रकम बैंकले लाभग्राहीको खातामा जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहीको नाम, बैंक खाता नम्बर र जम्मा भएको रकम सहितको विवरण (रिभर्स फिड सहित) कार्यविधिको अनुसूची-८ बमोजिम रिभर्स फिड चौमासिक रुपमा सम्बन्धित स्थानीय तहलाई अनिवार्य रुपमा पठाउनुपर्ने उल्लेख छ । साथै वितरण नभई रकम बाँकी भए सो समेतको विवरण बैंकले कार्यालयलाई उपलब्ध गराउनु पर्दछ । बैंकहरुबाट रिभर्स फिडको विवरण प्राप्त भएतापनी वितरण नभई बाँकी रहेको रकमको विवरण उपलब्ध हुन आएन । बैंकबाट प्राप्त रिभर्स फिड परीक्षण गर्दा यस वर्ष सामाजिक सुरक्षा भत्ता वितरण गर्न बैंक हरुलाई रु. ८२७१९४५८/- निकासा भएकोकमा रु. ८१२२८७७१/- वितरण भई रु. १४९०६८७/- २०७८।५।२३ मा बेरुजु खातामा फिर्ता गरेको पाइयो । त्यस अतिरिक्त सामाजिक सुरक्षा भत्ता वितरण गर्दा दोहोरो बैंक खाता, दोहोरो नागरिकता नम्बर भएका लाभग्राहीहरुको संख्या एकिन गरी पुनः २०७८।७।२८ मा रु. ३३२८००/- बेरुजु खातामा दाखिला गरेको छ । पालिकाले बैंक बाट तोकिएको ढाँचामा रिभर्स फिड प्राप्त गरी लाभग्राहीहरुको नाम दोहोरिएको सम्बन्धी थप एकिन गरी समयमा फिर्ता रकम दाखिला गर्नु पर्दछ । | |
| ६२ | | | **अभिलेख व्यवस्थापन**<br>पालिकाले प्रत्येक अस्पतालगत स्वास्थ्यकर्मी र कर्मचारीको सरुवा, बिदा तथा अवकाशको अभिलेख अद्यावधिक राखेको पाइएन । निकासा अभिलेख खाता प्राप्त नभएको हुँदा सो लाई भिडान गर्न सकिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६३ | | | **बढी ग्रेड भुक्तानी**<br>अर्थ मन्त्रालयको च. नं. ११, मिति २०७६।४।१९ को नयाँ तलबमान र सुविधा सम्बन्धी परिपत्रमा सबै तहका कर्मचारीहरुको लागि २०७६।४।१ देखि लागु हुने गरी अनुसूची १ देखि ८ सम्म अधिक्तम ग्रेड संख्या सहितको नयाँ तलबमान तोकेको छ । कार्यालयका निम्न कर्मचारीहरुलाई अर्थ मन्त्रालयले तोकेको भन्दा बढी संख्या अनुसार ग्रेड रकम भुक्तानी गरेको पाइयो । तलबी प्रतिवेदन पारित नगरी भुक्तानी भएको बढी ग्रेड रकम सम्बन्धि एकिन हुनुपर्दछ । | |

| सि.नं. | दर्जा नाम थर | ग्रेड वृद्धि महिना (पेरोल अनुसार) | ग्रेड रकम | अर्थ मन्त्रालयले तोकेको अधिक्तम ग्रेड संख्या | भुक्तानी भएको ग्रेड संख्या | जम्मा बढी ग्रेड संख्या | वार्षिक बढी रकम | संचयकोष थप समेत बढी रकम |
|---|---|---|---|---|---|---|---|---|
| १. | सि.अ.हे.ब. छैठौ लक्ष्मण विश्वकर्मा | माघ | १२०० | ८ | ९ | ६ | ७२०० | ७९२० |
| २. | सि.अ.हे.ब छैठौ प्रेम प्रसाद न्यौपाने | माघ | १२०० | ८ | ९ | ६ | ७२०० | ७९२० |
| ३. | सि.अ.हे.ब छैठौ श्याम कुमार न्यौपाने | माघ | १२०० | ८ | ९ | ६ | ७२०० | ७९२० |
| | जम्मा | | | | | | | २३७६० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६४ | विभिन्न | | **औषधी खरिद**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १ (क) मा बिस लाख रुपैया सम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मुल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानिय तहले उक्त पक्रिया बेगर दर माग गरी रु. १३३९४००/- को औषधी, रु. ९७४९६१/- को आयुर्वेदिक औषधी र रु. ६९२२८१/- स्वास्थ्य जन्य सामग्री बिना बोलपत्र खरिद गरेको छ । खरिद गरेका उक्त औषधिहरु कुन औषधि कम्पनीबाट उत्पादन भएका हुन नखुल्नुको अतिरिक्त सोको मूल्य राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशन समेत भएको देखिँदैन । औषधि डव्लु.एच.ओ. वाट सर्टिफाइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्नुपर्ने र नि: शुल्क वितरण हुने भनी खुलाउनु पर्नेमा सो समेत भए गरेको देखिएन । तसर्थ नियमावलीमा भएको व्यवस्थाको पालना गरी खरिद गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६५ | | | **गुणस्तर परीक्षण**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षणको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम १२५ मा सम्पन्न भएको काम स्वीकृत ड्रइङ, डिजाइन र स्पेसिफिकेशन बमोजिम निर्माण भए नभएको जाँच गर्नुपर्ने व्यवस्था छ । देहायको सडक कालोपत्रे निर्माण कार्यको सववेश र वेश कार्यको गुणस्तर परीक्षण भएपनि विटुमिनको गुणस्तर परीक्षण गरेको पाइयन । सम्पन्न भएको निर्माण कार्यको सम्पूर्ण पक्षको गुणस्तर परीक्षण नहुदा निर्माण सम्पन्न भएको कार्य स्वीकृत ड्रइङ, डिजाइन र स्पेसिफिकेसन बमोजिम गुणस्तरीय भएको एकिन गर्न सकिदैन । | |

| निर्माण कार्य | निर्माण व्यवसायी | सम्झौता रकम |
|---|---|---|
| फूलगाछि सिमलबारी सडक कालोपत्रे | सिद्धकाली इन्टरनेशनल विडर्स | १४७३९७०९।२१ |
| सरनामती चोक देखि दयाल धाम जाने सडक कालोपत्रे | नेपाल पूर्वाधार कन्स्ट्रक्सन एण्ड सप्लायर्स | १३४७८३००।७७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६६ | | | **रिलोकेसन कष्ट**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा बील विजकको भुक्तानी लिनको लागि निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम आवश्यक पर्ने कागजात पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालय र देहायका निर्माण व्यवसायी विच भएको सम्झौतामा प्रोभिजनल सम आइटममा रिलोकेसन कष्ट बापत राखिएको रकम खर्च गर्नु पुर्व सो को लागत अनुमान तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गराउनुपर्ने र काम सम्पन्न भएपछि विल भरपाई पेश गरी भुक्तानी लिनुपर्नेमा लागत अनुमान स्वीकृत नगरी निर्माण व्यवसायीको बिलमै उक्त रकम समावेश गरी भुक्तानी दिएको पाइयो । रिलोकेसन आइटमको काम भएको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.. | ६५०,००० |

| निर्माण कार्य | निर्माण व्यवसायी | सम्झौता रकम | रिलोकेसन कष्ट रकम |
|---|---|---|---|
| फुलगाछि सिमलबारी सडक कालोपत्रे | सिद्धकाली इन्टरनेशनल विडर्स | १४७३९७०९।२१ | २५००० |
| खार्मेली चोक तामाङ गाउँ वियर फ्याक्ट्री सडक कालोपत्रे | शान्ती निर्माण सेवा | ९६८७६१५।५२ | २००००० |
| शिवसतासी सिमाना मदर गाछ वडा कार्यालय सम्म सडक कालोपत्रे | शान्ती मा पाथिभरा निर्माण सेवा जे.भी. | १३८३६४१५।२३ | २००००० |
| सरनामती चोक देखी दयाल धाम जाने सडक कालोपत्रे | नेपाल पूर्वाधार कन्स्ट्रक्सन एण्ड सप्लायर्स | १३४७८३००।७७ | २००००० |
| पन्थापाडा पुलिस चोक देखी गर्लस मदर्शा स्कुल सम्म जाने रोड | लाल प्रसाद शर्मा एण्ड सन्स प्रा.लि. | १७५०३५२७।६८ | २५००० |
| जम्मा | | | ६५०००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६७</td><td></td><td></td><td>

**लागत अनुमानको स्वीकृती**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ क मा सार्वजनिक निकायले तोकिए बमोजिम तयार भएको लागत अनुमान तोकिए बमोजिम स्वीकृत गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले देहायको निर्माण कार्यको बोलपत्रको माध्यमबाट खरिद गरी गाउँपालिका भवन निर्माणको पहिलो रनिङ्ग विल र एकिकृत पूर्वाधार विकासको हस्पिटल निर्माणको पेश्की गरी रु ६६५००००।०० भुक्तानी गरेको छ । उक्त निर्माण कार्यको स्वीकृत लागत अनुमान पेश नभएको नियमसम्मत नदेखिएको रु..

<table>
<tr><th>निर्माण कार्य</th><th>निर्माण व्यवसायीको नाम</th><th>लागत अनुमान अंक</th><th>सम्झौता रकम</th><th>पेश्की तथा भुक्तानी रकम</th></tr>
<tr><td>गाउँपालिका भवन निर्माण</td><td>एल पि एस सिद्धकाली जे.भी.</td><td>२२३१३४८८</td><td>१५६८४७७९</td><td>१८०००००</td></tr>
<tr><td>एकिकृत पूर्वाधार विकासको हस्पिटल निर्माण</td><td>शिवालय आर एस जे.भी.</td><td>७२५०९८७७</td><td>४८९६२६१४</td><td>४८५००००</td></tr>
</table>

</td><td>६,६५०,०००</td></tr>
<tr><td>६८</td><td></td><td></td><td>

**कार्य सम्पन्न प्रतिवेदन**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६५ मा विओक्युको प्रति एकाई दर विश्वसनिय भए नभएको, कबोल अंक फ्रन्ट लोडिङ र ब्याक लोडिङका कारणले असन्तुलित भएको सम्बन्धमा निर्माण कार्यको बोलपत्रको विशेष मुल्याङ्कन गर्नुपर्ने व्यवस्था छ । तथा नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भई भेरियसन आदेश जारी गर्नुपर्ने भएमा नियमावली बमोजिम प्रकृया पुरा गरी जारी गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले वडा नं. २ को दक्षिण सिमाना देखी सडकवारी, मिलन बस्ती हुदै सालमारा सम्म सडक कालोपत्रे कामको बोलपत्र मुल्याङ्कन गर्दा बोलपत्रको विशेष मुल्याङ्कन समेत नगरी सिद्धकाली इन्टरनेशनल विडर्सको बोलपत्र स्वीकृत गरी रु.९३१५०१८।३४ मा सम्झौता गरेकोमा उक्त कालोपत्रे निर्माण कार्यको सुरुका कामहरु सबबेस र बेसको काम सम्पन्न गरी रु ६०७४२०८।०० भुक्तानी भएको पाइयो । गाउँपालिकाले उक्त निर्माण कार्यको मुख्य काम मध्येको प्रिमिक्स कार्पेटिङ्ग गर्ने काम नगरेको अबस्थामा भेरियसन आदेश समेत जारी नगरी ३८.९९ प्रतिशत घटी काम भएको कार्यसम्पन्न प्रतिवेदन तयार गरेको नियमसम्मत नदेखिएको रु..

</td><td>६,०७४,२०८</td></tr>
<tr><td>६९</td><td></td><td></td><td>

अनुगमन तथा सम्परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४ (२) (घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले डोर समक्ष गत विगतको वेरुजु फर्स्यौट गरी सम्परीक्षणको लागि पेश गरेकोमा फर्स्यौट मनासिव देखिएकोले सम्परीक्षण गरिएको छ । यस वर्ष सम्परीक्षण भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">आ.व.</th><th rowspan="2">वेरुजु दफा नं.</th><th rowspan="2">वेरुजु र फछ्र्यौटको संक्षिप्त व्यहोरा</th><th colspan="4">फछ्र्यौटको आधार</th><th>सम्परीक्षण</th></tr>
<tr><th>असुली</th><th>प्रमाण</th><th>नियमित</th><th>पेश्की</th><th></th></tr>
<tr><td>१</td><td>२०७४/७५</td><td>१४</td><td>प्रोत्साहन भत्ता खर्चबाट राज्यलाई कुनै हानी नोक्सानी नभएको र अब उपरान्त</td><td></td><td></td><td>१०३०९५९</td><td></td><td>१०३०९५९</td></tr>
</table>

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | ऐन विपरित कुनै प्रोत्साहन सुविधाका लागि बजेट विनियोजन नगर्ने प्रतिबद्धता गरी लेखा समितिमा छलफल भई गाउँ सभाको २०७८।३।१० को निर्णयले अनुमोदन गरेको र यस वर्ष देखि प्रोत्साहन भत्तामा कुनै खर्च नदेखिएकोले फछ्र्यौट | | | | | | | |
| | | | | २ | २०७४/७५ | १३ ग | अध्यक्ष श्री जयनारायण शाहको नाममा रहेको बेरुजु रकम मिति २०७८।१।१४ गते रसिद नं. ४६७ बाट असुल दाखिला भई फछ्र्यौट | १४४००० | | | | १४४००० | | |
| | | | | ३ | २०७४/७५ | १३ ग | वडा नम्वर ६ का अध्यक्ष श्री हरी बहादुर बाँनियाको नाममा रहेको बेरुजु रकम रु.१२६०००/- मध्ये रु. ५००००/- मिति २०७७।९।१२ गते रसिद नं. २२३ बाट असुल दाखिला भई फछ्र्यौट | ५०००० | | | | ५०००० | | |
| | | | | ४ | २०७५/७६ | २३ | वडा नं. ६ का वडा सचिव भवकृष्ण न्यौपाने द्वारा वितरित सामाजिक सुरक्षा भत्ता रकम बुझेको भरपाई पेश नभएकोमा सम्बन्धित व्यक्तिहरुले सामाजिक सुरक्षा भत्ता आफैं बुझेको तर भिडभाडका कारण हस्ताक्षर गर्न छुट भएको भनी पुनः वडा अध्यक्षको रहोवरमा बुझेको सहिछाप तथा वडाको सिफारिस समेतको प्रमाण पेश भएको आधारमा फछ्र्यौट | | १६००० | | | १६००० | | |
| | | | | ५ | २०७५/७६ | २५ | विज्ञापनमा छुट नलिएको खर्चबाट राज्यलाई ठुलो हानी नोक्सानी नभएको र अब उपरान्त सुचना प्रकाशन गर्दा छुट सुविधा लिने प्रतिबद्धता गरी लेखा समितिमा छलफल भई गाउँ सभाको २०७८।३।१० को निर्णयले अनुमोदन | | | १२७४६ | | १२७४६ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | गरेको र यस वर्ष देखि विज्ञापनमा छुट समेत लिने गरेकोले फछ्र्यौट | | | | | | | |
| | | | | ६ | २०७५/७६ | २९ | २२ थान मोटर कृषकहरुलाई वितरण गरेको भरपाई तथा जडान भएको कार्यसम्पन्न प्रतिवेदन तथा अनुगमन प्रतिवेदनको प्रमाण पेश भई फछ्र्यौट | | ४२९००० | | | ४२९००० | | |
| | | | | ७ | २०७६/७७ | १४ | बिल भरपाई पेश नभएकोमा प्र.प्र. अ.गणेशराज कार्की को दैनिक भ्रमण खर्चको भ्रमण विल रु.३२४००<br>२० जना विपन्न व्यक्तिहरुको स्वास्थ्य विमा गरेको विल भरपाई रु.७००००<br>विल भरपाई पेश भएकोले फछ्र्यौट | | १०२४०० | | | १०२४०० | | |
| | | | | ८ | २०७६/७७ | २१ | कार्यालयले विभिन्न मितिमा बहाल कर बापत असुल गरेको रकम रु. ७८८४१४/- मिति २०७८।९।७ गते भौचर नं. २८१५५४५४ बाट संघीय राजस्वमा दाखिला भई फछ्र्यौट | ७८८४१४ | | | | ७८८४१४ | | |
| | | | | ९ | २०७६/७७ | ४१ | सडक कालोपत्रेको ठेक्का सम्झौता भएको नेपाल पुर्वाधार कन्स्ट्रक्सन कम्पनी प्रा.लि.लाई रु.२५०००००/- लाख पेश्की दिइएकोमा पि.एस.आइटम र मू अ कर कट्टा नगरी बढी भुक्तानी दिएको पेश्कीसम्बन्धमा नेपाल पुर्वाधार कन्स्ट्रक्सन कम्पनी प्रा.लि. ले कार्य सम्पन्न गरी सम्पुर्ण पेश्की रकम रु. २५०००००/- फछ्र्यौट गरिएकोले फछ्र्यौट | | १४३३१२ | | | १४३३१२ | | |
| | | | | १० | २०७६/७७ | ५२ | कर्मचारी तथा जनप्रतिनिधिको अनुगमन भत्ता बापतको बेरुजु रकम मिति २०७८।५।८ गते रसिद नं. २५४११२ बाट असुल दाखिला भई फछ्र्यौट | १८८५० | | | | १८८५० | | |
| | | | | ११ | २०७६/७७ | ५३ | स्यानीटरी प्याड वितरण भरपाई पेश नभएकोमा विभिन्न सामुदायिक | | १३४४९६२ | | | १३४४९६२ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | विद्यालयलाई वितरण गरेको भरपाई पेश गरेकोले फछ्र्यौट | | | | | |
| १२ | २०७६/७७ | ५४ | शिर्षक फरक पारी लेखेको खर्चबाट राज्यलाई ठुलो हानी नोक्सानी नभएको र अब उपरान्त स्विकृत कार्यक्रम तथा नर्म्स भित्र रहि खर्च गर्ने प्रतिबद्धता गरी लेखा समितिमा छलफल भई गाउँ सभाको २०७८।३।१० को निर्णयले अनुमोदन गरी फछ्र्यौट गरेकोले फछ्र्यौट | | | ११९०२४ | | ११९०२४ |
| १३ | २०७६/७७ | ५५ | स्थानीय कर तथा शुल्क बापत असुल रकमको मूल्य अभिवृद्धि कर रकम रु. २५८८५०/- मिति २०७८।९।७ गते भौचर नं. २८१५५६६७ बाट संघीय राजस्वमा दाखिला भई फछ्र्यौट | २५८८५० | | | | २५८८५० |
| | | | **जम्मा** | | | | | **४४५८५१७** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७० | | | अद्यावधिक बेरुजु<br>यस पालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ ।<br>रु. हजारमा | |

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| १७२६९ | ४४५९ | ५६४९१ | ० | ६९३०१ |